# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**




२५५१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा लुम्बिनी उद्यानमा गुरुमांहरूको तर्फबाट अहोरात्री महापरित्राण पाठ गर्नु अगाडि धर्मकीर्ति ज्ञानमाला भजनबाट भजन प्रस्तुत गरिँदै

DHARMAKIRTI


**अनला पुन्ही**

वर्ष-२५; अङ्क-२

बिक्रम सम्वत् २०६४

## बुद्ध पूजा सम्पन्न

काठमाडौं महानगरस्थित ऐतिहासिक स्थल बालाजु चोक निवासी पूर्णबहादुर प्रजापतिको घर-प्राङ्गणमा स्थापित चैत्यराज सामू "बौद्ध दाह संस्कार गुथि" को स्थापना दिवसको संस्मरणमा भिक्षु थानसेट्ठज्यूको प्रमुख आतिथ्यमा बुद्धपूजा कार्य सम्पन्न गरियो। सो बुद्ध पूजाको शुभारम्भमा पञ्चशील प्रार्थना गरी बुद्ध पूजाको क्रममा श्रद्धेय भन्तेज्यूले उपदेश दिनुभयो। सो पुनित बुद्धपूजा कार्य सम्पन्न गर्न गुठीका सम्पूर्ण सदस्यहरूको समुपस्थितिमा स्मरण गर्ने कार्य भएको थियो। अत: उक्त पूण्य कार्यको अनुभावद्वारा आयोजक उपासक पूर्णबहादुर प्रजापति सपरिवारजनको आयु आरोग्य र सुस्वास्थ्यको कामना गरियो।

त्यस्तैगरी गत २०६४ बैशाख ४ गते बौद्ध दाह संस्कार गुठीका अध्यक्ष रत्नलाल मानन्धरको ममतामयी आमा मोतिमाया मानन्धरको पूण्य स्मृतिमा बागबजार स्थितको धर्मचक्र विहारमा बुद्ध पूजा कार्य सम्पन्न गरियो।

## दोलखाय् बुद्धपूजा व ज्ञानमाला भजन

*२०६३ चैत्र ३० गते, शुक्रवार, दोलखा।*

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर।*

दोलखाय चैत्ये थुकुन्हु धर्मकीर्ति विहारया पाखें बुद्धपूजा ज्याझ्व: क्वचाय्कूगु जुला उगु ज्याझ्वले धर्मकीर्ति ज्ञानमालाया पाखें ज्ञानमालाभजन नं प्रस्तुत जूगु जुल। धम्मवती गुरुमां पाखें शील प्रार्थना याका बिज्यास्य बुद्धपूजां लिपा धर्मदेशना नं यानाबिज्या:गु ख:।

थुगु ज्याझ्वले धम्मवती गुरुमां पाखें दोलखाया ज्याथ:पिं स्वम्हसित खाता गा कोखाय्का: हनेज्या यानाबिज्यात। ज्याथ:पिनि नां थुकथं उल्लेख जुयाच्वंगु दु–

(१) पूर्णबहादुर तुलाधर (२) सर्वमान श्रेष्ठ (३) बिष्णुभक्त प्रधान।

विषय-सूचि


| | | | |
|---|---|---|---|
| १. | बुद्ध वचन | | १ |
| २. | सम्पादकीय - बुद्ध जयन्ती महोत्सव... | - | २ |
| ३. | अनाथपिंडिक | - महर्षीमित्र सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद-१९९ | - रीना तुलाधर | ६ |
| ५. | दु:खको स्विकार, दु:खको मार्गीकरण | - आचार्य महायोगी श्रीधर राणा | ७ |
| ६. | बुद्धविहारमा विपश्यना स्थापना बारे | - कृष्णकारी ताम्राकार | ८ |
| ७. | बुद्धकालीन प्रचलित चिकित्सा प्रणाली | - आनन्द प्रधान | ९ |
| ८. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरु | - | १० |
| ९. | बुद्धि बीज हो | - नरेन्द्रनाथ भट्टराई | ११ |
| १०. | धर्मकीर्ति विहार–गतिविधि | - | १२ |
| ११. | मैत्री केन्द्र बाल आश्रम ध्यानकुटी विहार, बनेपाबाट सहयोग | | १३ |
| १२. | ध.बौ.अ.गो. अपरिकृष्ट आर्थिक प्रतिवेदन वि.सं. २०६३ | | १४ |
| १३. | ध.बौ.अ.गो.को वार्षिक कार्यक्रम वि.सं. २०६४ बु.सं. २५५१ | | १५ |
| १४. | धर्मप्रचार–समाचार | - | २४ |


नत्थि रागसमो अग्गि-नत्थि दोससमो गहो।
नत्थि मोहसमं जालं-नत्थि तण्हासमा नदी॥

**"राग बराबरको आगो अर्को छैन, द्वेष बराबरको ग्रह अर्को छैन, मोह बराबरको जाल अर्को छैन र तृष्णा समानको नदी अर्को छैन।"**

o o o

परेसं हि सो वज्जानि-ओपुणाति यथा भुसं।
अत्तनो पन छादेति-कलिं'व कितवा सठो।

**"अर्काको दोष देख्नु सजिलो छ, किन्तु आफ्नो दोष देख्नु मुश्किल छ, अर्काको दोष त्यने हिम छरे झैं छरेर हिंड्छ किन्तु आफ्नो दोष चाहिं जाली जुवाले पासा छोपे झैं छोप्छ।"** **– बुद्ध वचन**

### धर्मकीर्ति पत्रिकाको लागि सहयोग

– धर्मकीर्ति पत्रिका मासिक पत्रिकाको रूपमा प्रकाशित भएको २५ वर्ष पुगेको उपलक्ष्यमा पूर्णमान शिल्पकारबाट यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गरी रु. ४०५/– चन्दा सहयोग स्वरूप प्रदान गर्नुभएको छ। सहयोगको लागि धर्मकीर्ति पत्रिकाले साधुवाद ज्ञापन गर्दै उहाँको आयु आरोग्य कामना गरेको छ।

– धर्मकीर्ति पत्रिकाको लागि चन्दा दाता शान्तवीर शाक्यले सम्झना रु. ३००/– चन्दा प्रदान गर्नुभएको छ। धर्मकीर्तिले दाताको निरोगी एवं सुख समृद्धिको कामना गर्दछ।

– धर्मकीर्ति पत्रिका परिवार

Downloaded from http://www.dhamma.digital

प्रमुख सम्पादक

[illegible]

फोन: ४२५ ८९५५, [illegible]

सम्पादक

[illegible]

फोन: ४२५ [illegible]

[illegible] महर्जन

फोन: [illegible]

सह-सम्पादक

ध्रुवरत्न स्थापित

व्यवस्थापक

भिक्षुणी वीर्यवती

फोन: ४२५ ९४६६

प्रधान संरक्षक

भिक्षु अश्वघोष महास्थविर

फोन: ४२५ [illegible]

[illegible]

भिक्षुणी धम्मवती

फोन: ४२५ [illegible]

प्रकाशक

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघः नघःटोल

E-mail: dharmakirtivihar@mail.com.np

पोष्ट बक्स नं. ४९९२

काठमाडौं

फोन: ४२५ [illegible]

[illegible]


| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ७/- |

# धर्मकीर्ति
## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**JUNE 2007**


[illegible]





★ ठूलो, सानो, असल, खराब जुनसुकै चीजवस्तु वा धन सम्पत्ति होस्, जसले संसारमा अरुको हकमा रहेका कुनै पनि वस्तु चोरेर लिने गर्दैन, त्यस्तो व्यक्तिलाई मात्र मैले ब्राह्मण भन्ने गर्छु ।

★ ★ ★

★ सीयोको टुप्पोबाट मुगको गेडो झरेझैं, जुन व्यक्तिको मनबाट राग, द्वेष, मान तथा ईर्ष्या भाव झरिसकेको हुन्छ, त्यस्तो व्यक्तिलाई मात्र मैले ब्राह्मण भन्ने गर्छु ।

★ ★ ★

★ जसले कसैलाई पनि पीडा दिने गर्दैन, जसले कडा वचन पनि बोल्दैन, जसले कारणलाई स्पष्ट पारी सत्य वचन बोल्ने गर्छ, त्यसलाई मैले ब्राह्मण भन्ने गर्छु ।

★ ★ ★

# बुद्ध जयन्ती महोत्सवको महत्त्व

प्रत्येक वर्षको बुद्ध पूर्णिमाको दिन देखि बुद्धवर्ष शुरु हुने गर्छ । यसपाली पनि २५५१ औं बुद्ध पूर्णिमा पहिले पहिलेको वर्षमा जस्तै विभिन्न रोचक कार्यक्रमहरू संचालन गरी अधिराज्यभर भव्यताका साथ मनाइएको समाचारहरू प्राप्त भएका छन् ।

बु.सं. २५५१ औं बुद्ध पूर्णिमालाई बुद्ध जन्मदिनको रूपमा होइन बुद्ध परिनिर्वाण (दिवंगत) भएको दिनको रूपमा लिन सकिन्छ । तर धेरैजसो मानिसलाई सिद्धार्थ गौतमले बुद्धपूर्णिमाकै दिन बोधिज्ञान लाभ गरी बुद्ध हुनुभएको र यही दिन परिनिर्वाण पनि हुनुभएको कुरा भने थाहा छैन । नेपालमा वि.सं. २००७ साल पछि विस्तारै बुद्ध धर्म प्रचार भएपछि मात्र बुद्ध पूर्णिमाको दिनमा बुद्ध जयन्ती मनाउने कार्य शुरु हुन थालेको हो ।

अब बुद्ध पूर्णिमाको दिन बुद्ध जयन्ती महोत्सव मनाउने चलनको महत्त्व विषयमा केही चर्चा गरौं ।

बुद्ध पूर्णिमाको दिनलाई त्रिसंयोग जुडेको दिन (बुद्धको जन्म, ३५ वर्षको उमेरमा बुद्धत्त्व प्राप्ती र ८० बर्षको उमेरमा महापरिनिर्वाण) को रुपमा लिइने गरिन्छ । यो पहिलो महत्त्वको कुरा हो ।

दोश्रो महत्त्वपूर्ण कुरो सिद्धार्थ कुमार त राजकुमार हुनुहुन्थ्यो । बोधिज्ञान प्राप्त गर्नका लागि उहाँले राजकिय सुख लगायत राजदरवार नै त्याग गर्नुभई भिक्षाको भरमा जीवन विताउनुभयो । यसले उहाँ महान त्यागी, सहनशील गुणले सम्पन्न, सदाचारी एवं निस्वार्थी व्यक्तिको रुपमा समाजलाई चिनाउन सफल हुनुभयो ।

तेश्रो महत्त्वपूर्ण कुरो उहाँ आफू स्वयं असल एवं योग्य धर्मप्रचारक व्यक्ति बन्न सफल हुनुभयो । त्यसपछि मात्र उहाँले अरु मानिसहरूलाई सदाचार सम्पन्न भई असल मानिस बन्नुपर्ने विषयमा शिक्षा दिन थाल्नुभयो ।

भगवान् बुद्धले हामी सबैलाई असल मानिस बन्नको लागि हामीमा हुनुपर्ने महत्त्वपूर्ण गुणहरूलाई यसरी उल्लेख गर्नुभएको छ । हामी समाजमा विश्वास पात्र बन्न सक्नुपर्छ, कर्त्तव्यपरायण बन्नु पर्दछ, आफ्नो गल्ती र भूल स्वीकार (आत्मालोचना) गर्न सक्नुपर्दछ आदी । यी अमूल्य शिक्षाहरू जनसमुदायमा प्रस्तुत गर्नुभएको कारणले बुद्ध शान्तिका प्रवर्तक हुनुभयो । यसको अलावा भगवान् बुद्धले जनसमुदायलाई मध्यम मार्गमा लागी जीवन सुखमय तुल्याउने सुझाव दिनुभएको छ । यसको लागि उहाँले संसारको चारवटा आर्यसत्यहरूलाई प्रष्टाउनु हुँदै महत्त्वपूर्ण सन्देश दिनुभएको छ । ती यसरी छन्–

संसारमा दुःख व्याप्त रहेको छ । यी दुःखका कारण छन् । दुःखबाट मुक्त हुन सकिन्छ । दुःखबाट मुक्ति प्राप्त गर्नका लागि आठवटा वाटाहरू छन् । जसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ ।

२५०० वर्ष पहिले बुद्धले पत्तालगाउनु भएका यी शिक्षा आजसम्म पनि उत्तिकै सान्दर्भिक रहेको छ । दुःखको कारण पत्ता लगाई समस्या समाधान गर्ने कुरो महत्त्वपूर्ण देखिन्छ । त्यसैले दुःखबाट मुक्त हुनका लागि बुद्धले बताउनुभएको आर्य अष्टाङ्गिक मार्ग अर्थात् आठवटा बाटोहरूलाई एकपटक सम्झौं ।

१. ठीक समझदारी २. ठीक नियत र उद्देश्य (उद्देश्य र नियत ठीक एवं स्वच्छ हुन सकेन भने दुःखबाट मुक्त हुन असम्भव हुनेछ) । ३. ठीक बोलि वचन ४. ठीक कार्य ५. ठीक जीविका ६. ठीक अभ्यास ७. ठीक स्मृति ८. ठीक समाधि ।

यसरी दुःख हटाउनका लागि कुरा गराई र काम गराईमा सन्तुलन हुनु अत्यावश्यक छ । कुरा एउटा र काम अर्को हुनु दुःख र अशान्ति लाई निम्त्याउनु हुनेछ ।

आजभोली बुद्धपूर्णिमाको उपलक्ष्यमा प्रत्येक वर्ष निशुल्क स्वास्थ्य सेवा, रक्तदान, सरसफाई अभियान, अस्पतालका विरामीहरूलाई फलफुल एवं बिस्कुट प्रसाद वितरण गर्ने आदि कार्यहरू चलाउँदै आइरहेको छ । यस परम्परालाई सराहनीय मान्न सकिन्छ । बैशाख पूर्णिमाकै दिन हरेक वर्ष स्वयम्भूस्थित आनन्दकुटी विहारमा दिउँसो २ बजे सम्म पनि हजारौं भक्तजनहरूलाई क्षीर भोजन प्रदान गरिन्छ । यसलाई पनि हामीले प्रशंसा गर्न सक्छौं । यही अवसरमा विभिन्न संघसंस्थाहरूले बुद्ध र बुद्ध धर्म सम्बन्धि आधा दर्जन जति स्मारिकाहरू प्रकाशित गर्ने गरेको छ । जुन महत्त्वपूर्ण कुरो हो ।

बुद्ध पूर्णिमाको दिन काठमाडौंवासी धेरैजसो व्यक्तिहरूले आफ्नो घरायसी कार्यहरूबाट छुट्टी लिई स्वयम्भूमा पुग्नेगर्छन् । स्वयम्भूमा हजारौं जनसमूह भेला भई बुद्धगुण स्मरण गरी एकदिन भएपनि आफ्नो चित्त परिशुद्ध पारी शान्तपूर्ण तरिकाले (धेरै जसो व्यक्तिहरू र साकाहारी बन्ने गर्छन्) दिन विताउने गर्छन् । यसरी बुद्ध जयन्तीको दिन एकदिन भएपनि धेरै जसो व्यक्तिहरूले बुद्ध शिक्षालाई मनन गर्ने गरेको देखिन्छ । यी विभिन्न कारणहरूलाई नियालेर हेर्ने हो भने बुद्ध जयन्ती महोत्सवको महत्त्व धेरै देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

# अनाथपिंडिक

■ सत्यनारायण गोयन्का

कोशल देशका धनपति अनाथपिण्डिक कुनै कारणले आफ्नो ससुराली तथा बहिनीको घर राजगृह गएका थिए। उनले त्यहाँ "लोकमा बुद्ध उत्पन्न भएको छ" भन्ने सुने। साथै भोली आफ्नो सालोको घरमा भोजनको लागि भगवान सहित संघलाई निमन्त्रणा गरेको छ भन्ने थाहा पाए। अनाथपिंडिक भगवानको दर्शन गर्न आत्तिए। छिटो भन्दा छिटो भगवानको दर्शन गर्न लालायित भए। रात परिसकेको थियो। नगर द्वार बन्द भइसकेका थिए। भोली बिहान मात्रै ढोका खुल्नेछ र तब मात्र भगवानलाई भेट्न पाउने छ। आज भगवानलाई भेट्न सम्भव नै थिएन। उनी बुद्धको चिन्तन मनन् गर्दै सुते। उनलाई रात बिताउन गाऱ्हो भयो। उज्यालो भयो होला भन्ने थानेर रातमा पटक पटक उठिरहे। आखिर रहनै नसकी बिहान हुनु अगाडि नै उठेर हिंडे। हिंड्दा हिंड्दै उनी स्मशानको ढोकामा पुगे। त्यहाँको ढोका खुल्ला थियो त्यही बाटोबाट निस्के। बाहिर अत्यन्त अँध्यारो थियो, कहीं प्रकाशको नामोनिशान थिएन। अनाथपिंडिक डराए, लगलग काँप्न थाले। होस् जान्न भन्ने सोचि फर्किने मन गरे। यी घटना त्यहाँ रहने यक्ष शिवकले हेरिरहेका थिए, उनको मनमा करुणा जाग्यो। उनी गृहपति अनाथपिंडिक भगवान बुद्धलाई दर्शन गर्नुबाट बञ्चित नहोस् भन्ने चाहन्थे। अतः उनको हिम्मत बढाउँदै आवाज दिए–

अभिक्कम गहपति, अभिक्कम गहपति !

- हे गृहपति अगाडि बढ, हे गृहपति अगाडि बढ।

अभिक्कमनं ते सेय्यो- तिम्रो लागि अभिक्रमण अर्थात् अगाडि बढ्नु नै श्रेयस्कर छ।

नो पटिक्कमनं- प्रतिक्रमण अर्थात पछाडि हट्ने होइन।

यसरी भगवान बुद्धसंग शिक्षा प्राप्त गरेका शिवक यक्षले अनाथपिंडिकलाई धर्ममार्गमा अघि बढ्न प्रेरणा दिए।

भगवान त्यस समय चंक्रमण गर्दै हुनुहुन्थ्यो। उसलाई देखेर भगवान बुद्ध आसनमा बस्नु भयो र पुकार्दै भन्नु भयो आऊ, सुदत्त।

यही उसको सही नाम थियो, अनाथपिंडिक त उस्को उपाधि मात्र थियो किनकि अनाथ व्यक्तिहरूलाई नित्य भोजन दान दिने हुनाले अनाथपिंडिक भनिएको थियो। ओहो! भगवान बुद्धले मेरो नाम लिएर बोलाउँदै हुनुहुन्छ, हर्ष विभोर हुँदै शिर झुकाएर भगवानलाई सोधे, "भगवान तपाईं आज सुख पूर्वक सुत्नु भयो ?" भगवानले शान्तिपूर्ण वाणीमा उत्तर दिनु भयो– "निर्वाण प्राप्त व्यक्ति सदैब सुख पूर्वक सुत्छ।" भगवान बुद्धले उनलाई पूर्व जन्मका धर्मकथा सुनाउनु भयो, धर्म देशनाबाट उनको मन शान्त भयो, प्रसन्न भयो। त्यसपछि दुःख सत्य त्यसको उत्पत्ति, त्यसको निरोध र निरोध गामिनी प्रतिपदाका बारेमा बताउनु भयो। यी दुःख सत्यको बारेमा सुन्दा सुन्दै उनको धर्म चक्षु खुल्यो, आफ्नो अनुभवले निरोधलाई थाहापाए उनले निर्वाण अवस्थालाई साक्षात्कार गरे, अनाथपिंडिक स्रोतापन्न भए। धर्म-चर्चा उनको लागि केवल बुद्धि विलासको विषय मात्र रहेन, उनले धर्मलाई स्वयं अनुभव गर्न थाले। भगवानको धर्ममा यसरी स्थापित भए कि अब उनलाई अन्य सहाराको आवश्यक नै भएन। भगवान प्रति अत्यन्त श्रद्धा विभोर भएर अर्को दिनको लागि भोजनमा आमन्त्रित गरे। भगवानले मौन रहेर स्वीकार गरे। भोजनको प्रबन्ध सालोको घरमा नै गरियो। भोजन ग्रहण पछि भगवानले धर्मोपदेश गर्नु भयो तब अनाथपिंडिकले दुई हात जोडेर भगवान समक्ष प्रार्थना गर्नु भयो। भगवान भिक्षु संघ सहित अर्को वर्षावास श्रावस्तीमा बस्ने स्वीकार गर्नु होस्।

भगवानले स्वीकार गर्नु हुँदै भन्नु भयो– गृहपति, तथागत सून्यागारमा रहन मनपराउँछ। अनाथपिंडिक प्रफुल्लित भए।

श्रावस्तीमा गएर भगवान बुद्धको लागि विहार बनाउन उपयुक्त स्थानको खोजी गर्न थाले, विहार निर्माणको लागि स्थान शहर भन्दा धेरै टाढा पनि हुनुहुँदैनथ्यो धेरै नजीक पनि हुनु हुँदैनथ्यो, आवागमन- को सुविधा भएको ठाउँ उपयुक्त थियो। धर्मसिक्न आउनेहरूका लागि सुगम हुनुपर्थ्यो। दिउँसो ज्यादै भीड नहुने, रातमा पनि हल्ला नहुने, जहाँ सुनसान वातावरण, आवागमन कम भएको ठाँऊ ध्यानको अनुकूल हुन्थ्यो। यस्तो उपयुक्त ठाँऊ खोज्दै खोज्दै जेत राजकुमारको उद्यान-बगैंचा सम्पूर्ण आवश्यकता अनुसार अनुकूल ठहऱ्यो। यो ठाँऊ किन्नको लागि अनाथपिंडिक जेत राजकुमार कहाँ गए। राजकुमार आफ्नो सुन्दर बगैंचा बेच्न चाहँदैनथे। अनाथपिंडिकको जिद्दी सुनेर वाक्क भई उनले रीसले कोटि सन्थर भनेर मूल्य राखे। कोटि सन्थर को अर्थ थियो त्यस भूमिको एक छेउ देखि अर्को

छेउ सम्म सुनका सिक्का बिछ्याउनु, सुनका सिक्काले ढाक्नु । अनाथपिंडिकले तत्क्षणमा नै जमान पक्का गरे । नचाहेर पनि जेत राजकुमारले जग्गा बेच्नु पर्‍यो । उनले यति धेरै मूल्य त्यस जग्गाको आउला भन्ने सोचेकै थिएन । अनाथपिंडिकले गाडाहरूमा सुनका सिक्का भरेर बगैंचामा बिछ्याउन थाले एक छेउदेखि भर्दै भर्दै ल्याउन थाले ।

जुन ठाँऊमा भगवान बुद्ध विहार गर्नुहुन्छ त्यहाँ अनेक भिक्षुहरू पनि साधना गर्नु हुन्छ यस्तो तपोभूमिको मूल्य अमूल्य हुन्छ । अनाथपिंडिकलाई त्यो मूल्य पनि कम लाग्यो । जस्ले स्वयं धर्म रसको स्वाद लिईसक्यो उसको मनमा यस्तो भाव आउनु स्वाभाविक नै थियो कि धर्म रसको स्वाद सबैले लिउन् । जहाँ भगवान स्वयं रहनु हुन्छ त्यहाँ मानिसहरूलाई धर्म प्राप्त गर्नु त अत्यन्त सजिलो हुन्छ । उनले अत्यन्त प्रसन्न चित्तले जेतवनमा सुनका मोहरले भर्न थाले, उनी खुसीले गद्‌गद् थिए, आफ्नो सम्पत्तिको सही सदुपयोग हुन थालेकोमा प्रसन्न थिए ।

राजकुमार यो घटना हेरिरहेका थिए । सुनका सिक्काहरू बिछ्याइरहेको देखेर अचम्म मानिरहेका थिए । साँच्चै यहाँ कुनै महत्वपूर्ण कार्य हुँदैछ होला नभए यो सेंठले आफ्नो सम्पत्ति किन यसरी खर्च गर्थ्यो । सुन बिछ्याउन केही ठाँऊ बाँकि थियो अनाथपिंडिकले फेरि ल्याउन अऱ्हाउँदै थियो, जेतकुमारले हतपत अनाथपिंडिकलाई रोके - हड भयो गृहपति ! अब बाँकि भागमा नभर, सुन नबिछ्याउ, मलाई पनि दान दिने अवसर देऊ ।

जेत कुमारको कुरा सुनेर अनाथपिंडिकले स्वीकार गर्‍यो, नगरको प्रमुख व्यक्ति राजकुमारको यस्तो पुण्यकार्यमा सहभागी हुनु पनि उपयुक्त नै थियो ।

अनाथपिंडिकले त्यस बहुमूल्य जमीनमा विहार बनाए, प्रवेश द्वार, कोठाहरू, सभागृह, पानी तताउने अग्निशाला, भण्डारघर, शौचालय, चंक्रमण गर्ने खुल्ला ठाऊँ, खाने पानीको व्यवस्था, स्थानागार, पोखरी बनाए जसबाट हजारौं संख्यामा भिक्षु तथा साधकहरू भगवानको सानिध्यमा सुविधापूर्वक ध्यान गर्न सकून् । भगवानको यस परम श्रद्धालु गृहस्थ शिष्यले सदाको लागि दानको इतिहासमा एउटा अतुलनीय उज्वल किर्तिमान स्थापित गरे ।

भगवान बुद्धले श्रावस्तीको जेतवन विहारमा थुप्रै वर्षावास बिताउनु भयो । भगवान वर्षावासको समयमा त्यस विहारमा बस्नु हुन्थ्यो र धर्म सिकाउनु हुन्थ्यो । वर्षावास पश्चात धर्म चारिकाको लागि घुम्दै अन्य प्रदेशमा जानुहुन्थ्यो र धर्म सिकाउनु हुन्थ्यो । भगवान बुद्ध जेतवन विहारमा रहनुहुँदा विहारमा जति चहलपहल हुन्थ्यो उहाँको अनुपस्थितिमा धेरै कम हुन्थ्यो । वातावरणमा त्यति सजिवता देखिँदैनथ्यो, एकदम फिका देखिन्थ्यो । केही नगर वासीहरू विहारमा आउँथे, भगवानको खाली निवास सामून्ने श्रद्धा पूर्वक फूल चढाउँदथे र फर्कन्थे । तर उनीहरूलाई सन्तोष थिएन । श्रद्धा व्यक्त गर्नको लागि कुनै ठोस आधार चाहिन्थ्यो । श्रेष्ठि अनाथपिंडिकलाई भगवानको कमी महसूस भयो । भगवानको अनुपस्थितिमा त्यहाँ कुनै मन्दिर होस् भन्ने भक्तजनको मनसाय थियो । मन्दिर भएमा आफ्नो श्रद्धा अर्पण गर्न सकिन्थ्यो । यसरी श्रद्धा व्यक्त गर्ने त्यस बेलाको प्रचलन थियो । मानिसहरू आफ्नो श्रद्धा भाजन देवी, यक्ष, ब्रह्मा अथवा सन्तहरूको नाममा चैत्य अथवा मन्दिर बनाई व्यक्त गर्दथे । ती मन्दिरहरूमा आफ्नो ईष्ट देवताको चिन्ह स्थापित गर्दथ्यो, देवस्थानको सामून्ने बसेर पूजा अर्चना गर्दथ्यो । पत्र-पुष्प चढाउँदथ्यो, धूप-दीप बाल्दथ्यो, भाकल गर्दथ्यो र पूरा भएपछि मंगल उत्सव मान्दथ्यो । यसरी देवस्थानमा रमझम, चहलपहल भैरहन्थ्यो ।

श्रेष्ठि अनाथपिंडिक पनि जेतवन विहारमा यस्तै होस् भन्ने चाहन्थ्यो ता कि भगवानको अनुपस्थितिमा पनि यस्तै चहलपहल बनीरहोस् । उनले आफ्नो मनोकामना भिक्षु आनन्दको समक्ष प्रकट गरे । आनन्दले यो कुरा भगवान समक्ष पेश गरे । उनले प्रश्न गरे, "भन्ते, भगवान ! चैत्य कति प्रकारका छन् ?"

भगवानले भन्नुभयो, "तीन प्रकारका छन्– शारीरिक, उद्देसिक र पारिभोगिक ।" आनन्दले फेरि सोधे, "भगवान ! बुद्धको जीवनकालमा नै उनको नाममा चैत्य बनाउनु हुन्छ र ?"

भगवानले भन्नुभयो, "शारीरिक चैत्य तथागतले शरीर त्यागे पछि तिनको अस्थि-अवशेषमाथि बनाइन्छ । उद्देशिक चैत्य आफ्नो मनोकामना पूर्ति गर्नको लागि मूर्ति, ईष्ट देवदेवीको चिन्ह आदि राखेर बनाइन्छ । पारिभोगिक चैत्य भने तथागतको जीवनकालमा नै बनाउन सकिन्छ ।"

आनन्दले अनाथपिंडिकको इच्छा सामू राख्दै जेतवनमा पारिभोगिक चैत्य स्थापना गर्ने स्वीकृति माग्यो, ता कि भगवानको अनुपस्थितिमा पनि जेतवनमा चहल-पहल बनिरहन् ।

भगवानको परिनिर्वाण पश्चात उहाँले उपयोग गर्नुभएको भिक्षापात्र, चीवर आदि वस्तुहरू राखेर चैत्य निर्माण गरिन्छ भन्ने त निश्चित थियो । परन्तु उहाँको जीवनकालमा नै यस्तो परम्परा स्थापित गर्न चाहन्थ्यो ता



Downloaded from http://www.dhamma.digital

कि यस्को अर्थ स्वस्थ तथा कल्याणकारी बनिरहोस् । आफूले उपयोग गरेको भौतिक वस्तु राखेर चैत्य बनाउन उहाँ चाहँदैनथ्यो । निर्वाण प्राप्तीको लागि उपभोग गरेको प्रमुख वस्तु त बोधिवृक्ष थियो । अत: आनन्दको ध्यान आकर्षित गर्दै भगवानले भन्नुभयो, "तथागतको जीवनकालमा नै बोधिवृक्षको पारिभोगिक चैत्य बनाउन सकिन्छ । जस्को छाँयामा बसेर अन्य व्यक्तिहरूले पनि निर्वाण सुख प्राप्त गर्न सकुन् ।"

आनन्दलाई यो कुरा मनपर्‍यो । उनले महामोग्गलायनलाई बोधगयाबाट बोधिवृक्षको बीऊ ल्याउन प्रार्थना गरे । महाराज प्रसेनजित, माता विशाखा तथा अन्य श्रेष्ठ भक्तहरूको उपस्थितिमा जेतवन विहारको मूख्यद्वारमा श्रेष्ठि अनाथपिंडिकले वृक्षारोपण गरे । जब वृक्ष ठूलो हुनथाल्यो त आनन्दको प्रयत्नले आरोपण गरेको हुँदा त्यसको नाम 'आनन्दबोधि' राखियो ।

आनन्दले भगवानसंग पुन: प्रार्थना गरे कि जसरी उहाँले बोधिवृक्षको मूनि बसेर रातभर साधना गरेको थियो त्यस्तै यस बृक्षको मूनी वसेर पनि साधना गरून् । पहिलो पल्ट सम्यक् सम्बोधि उत्पन्न हुने साधना त अद्वितीय हुन्छ । तैपनि भगवानले साधकहरूको कल्याणको लागि आनन्दबोधिको मूनि बसेर रातभरी निरोध समापत्तिको साधना गर्नुभयो र त्यस स्थानको अणु-अणुमा निर्वाण धातु र धर्मधातुको तरंगले आल्लावित गरेर चिर कालसम्म पावन बनाउनु भयो ।

सर्वसाधरण सामान्य गृहस्थमात्र होइन अनेक भिक्षुहरू पनि तथागतको साधना सम्वन्धी धर्ममा परिपक्व हुन पाएको थिएन, अत: भगवान बुद्धको जीवनकालमा नै यस आनन्दबोधि रूपी चैत्यमा श्रद्धा, भक्तिपूर्वक पुष्प आदि चढाएर पुण्य अर्जित गर्दथ्यो र यो परम्परा पछिसम्म पनि विद्यमान रह्‍यो । परन्तु गम्भीर साधकहरूको एउटा अर्कै परम्परा थियो । उनीहरूले आनन्दबोधिको उपयोग आफ्नो साधना बृद्धिको लागि भगवानको जीवनकालमा र तत्पश्चात पनि गर्दैरह्‍यो । आनन्दवोधि आज पनि जीवित छ । सम्भवत: यो संसारको सबभन्दा पूरानो वृक्ष हो । भारतवर्षमा पुनर्जागृत विपश्यनाको गम्भीर साधक आज पनि यस वृक्ष मूनि बसेर ध्यान गर्‍यो भने उनीहरूले तुरुन्त नै अनित्य बोधको धर्म-तरंग महसूस गर्न थाल्दछन् । ■

*(साभार- कार्तिक २०६०, वर्ष-२०, अङ्क-७)*

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्भन्ति तेसं ऊपसमो सुखो

जन्म: २००६ वैशाख १९



दिवंगत: २०६२ चैत्र २१

## दिवंगत बस्तमायाँ वज्राचार्य

म्याग्दी बौद्ध संघका पूर्व सल्लाहकार सदस्य श्री सन्त प्रसाद वज्राचार्यज्यूको धर्मपत्नि एवं महिला वौद्ध संघका सदस्य रेणु वज्राचार्य (नालन्धा) ज्यूको ममतामयी आमा बस्तमायाँ वज्राचार्यज्यू दिवंगत हुनु भएकोमा उहाँको निर्वाणको कामना गर्दै उहाँको परिवारलाई अनित्य संसारको सत्यलाई सम्झेर धैर्य धारण गर्ने शक्ति मिलोस् भनि श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**महिला बौद्ध संघ, परिवार**
**युवा बौद्ध संघ, परिवार**
**म्याग्दी बौद्ध संघ, परिवार**
**वेनी, म्याग्दी**

# धम्मपद-१९९

■ रीना तुलाधर *'परियति सद्धम्म कोविद'*

**न मुण्डकेन समणो-अब्बतो अलिकम्भणं**
**इच्छा लोभसमापन्नो-समणो किं भविस्सति ।**

*अर्थ*– श्रमणहरूले छोड्नु पर्ने झूठो कुरा बोल्ने, इच्छा र लाभ सत्कारले लुब्ध भएर बस्ने कोही केवल शीर मुण्डन गर्दैमा कसरी श्रमण बन्दछ ?

**यो च समेति पापानि-अणुं थूलानि सब्बसो**
**समितत्ता हि पापानं-समणो ति पवुच्चति**

*अर्थ*– ठूलो, सानो सबै पाप उपशान्त गरीसकेका अर्थात सबै पाप शमन गरी सकेका व्यक्तिलाई मात्र श्रमण भनिन्छ ।

*घटना*– उपरोक्त गाथाहरू भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा हत्थक नामका एक भिक्षुको कारणमा बताउनु भएको थियो ।

हत्थक नामको एक भिक्षु सँधै वाद विवादमा लागीरहन्थ्यो । ऊनी तीर्थंकरहरूलाई भन्दथ्यो– "फलानो समयमा, फलानो ठाउँमा शास्त्रार्थ गर्न आउनु ।" अनि ऊनी तीर्थंकरहरूलाई भनेको समयभन्दा छिटो नै पुगीरहन्थे । अनि भनी हिंड्थे– "हेर ! तीर्थंकरहरू डराएर भागे । यही नै उनीहरूको हार भयो ।" एक होइन, दुई होइन धेरै प्रतिपक्षीसँग यसरी ढाँडली गरी हिंड्थे । उनको यस्तो नचाहिँदो व्यवहारको बारेमा एकदिन तथागतलाई थाहा भयो । तथागतले उनलाई बोलाउन पठाउनु भयो ।

ऊनी भगवान बुद्ध समक्ष हाजीर भएपछि भगवान बुद्धले सोध्नु भयो– "के साँच्चै हो ? तिमी यस्तो गरेर हिंड्छौ ?"

"हो भन्ते" उनले स्वीकारे ।

भगवान बुद्धले भन्नु भयो– "तिमीले किन यस्तो गरेर हिंड्छौ ? यस प्रकारले झूठो कुरा गरी हिंड्ने कोहीले टाउको मुड्दैमा आफूलाई श्रमण भन्ने हक छैन । जसले सानो होस् वा ठूलो जुनसुकै पापकर्मलाई पनि शान्त गरीसकेको हुन्छ; उसैलाई श्रमण भन्दछ ।"

यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो । ■

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्भन्ति तेसं ऊपसमो सुखो



**दिवंगत चिनीमाया तुलाधर**
*बुन्हि: ने.सं. १०३८ बछलाथ्व अक्षयतृतिया*
*मदुगु न्हि: ने.सं. ११२७ पोहेलाथ्व द्वादसि*
तीनधारा, कुलरत्न मार्ग यें

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य
**चिनीमाया तुलाधर**
दिवंगत जुयादीगुलिं वयक:या गुणानुस्मरण यासे
छेज:पिसं संसारया
अनित्य स्वभावयात थ्वीका: धैर्य धारण यायफयमा
धका: मनंतुनाच्वना ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार, श्रीघ: न:घ: यें ।

Dhamma.Digital

# दु:खको स्विकार; दु:खको मार्गीकरण

■ आचार्य महायोगी श्रीधर राणा रिम्पोछे

वास्तवमा दु:ख भनेर केवल मानवका दु:खलाई मात्र बौद्ध धर्ममा लिइएको छैन । यद्यपि भगवान् बुद्ध मानव हुनुहुन्थ्यो र अवश्य पनि मानवको दु:ख मुक्तिको लागि ठूलो ढोका खोलिदिनुभयो तर पनि उहाँको मार्ग, उहाँका क्रियाकलापहरू केवल मानवको मात्र हित गर्ने तर्फ थिएनन् । उहाँले देवता र अन्य अमानुषहरू सबैलाई हित हुने, सुख हुने उपाय वताइरहनु भएको थियो । त्यसको कारण के हो भने अनादिकालको संसारको दु:खको यात्रामा मानव त एउटा सानो भाग मात्र हो । त्यसैले मुक्ति चाहनु भनेको केवल यही जीवनका दु:खबाट मुक्त हुनुसँग मात्र सम्बन्धित कुरा होइन । अनागत (भविष्य) का सम्पूर्ण दु:खहरूलाई नाश गर्नुसँग सम्बन्धित हुन्छ । त्यसकारण केवल हाम्रा अहिलेको जन्मका दु:ख मात्र हामीले त्याग्नु पर्ने दु:ख होइनन् । भविष्यका सम्भावित दु:खहरू पनि त्यसमा पर्दछन् । भविष्यका सम्भावित दु:खहरू के के हुन् ? षड्गतिका दु:खहरू सबै हुन् । षड्गतिका दु:खहरू के के हुन् ? षड्गति मध्ये नरकमा उत्पन्न हुँदाका दु:खहरूमा अति चीसोले पीडित हुनु र अति तातोबाट पीडित हुनु शस्त्र अस्त्र एवं अन्य प्रहारबाट पीडित हुनु विभिन्न जनावर आदिबाट दयनीय स्थितिमा खाइनु जस्ता अनगिन्ती दु:खहरू भोग्नु पर्ने जस्ता छन् । त्यस्तै प्रेत लोकमा उत्पन्न हुँदाका दु:खहरूमा भोकले, प्यासले, तृष्णाले अत्यन्त पीडित हुनु जस्ता दु:खहरू बढी हुन्छन् । त्यस्तै पशु लोकमा उत्पन्न हुँदा अरूबाट खाइने, पिटिने, आफ्नो आहार नपाउने जस्ता अनेकौं दु:खहरू बढी हुन्छन् । त्यसैगरी असुर लोकमा उत्पन्न हुँदा पनि आफ्नो भावी दुर्गति देख्नु, साथी सहेलीद्वारा त्यागिनु, आफ्नो इच्छा नहुँदा नहुँदै पनि जबर्जस्ती तल पतन हुनु, असुरहरूद्वारा सताइनु जस्ता अनेकौं दु:खहरू भोगिरहनु पर्ने हुन्छ । यिनीहरू विस्तारमा बुझ्नु पर्ने कुरा हुन् जसले बौद्ध ध्यानको लक्ष के हो लागि लिइनु पर्ने हो भन्ने आशयलाई बुझ्नु मद्दत गर्छ । अगाडि आउँछ । यसरी हामीले देख्यौं कि दु:खलाई बुझ्नु नै सबभन्दा प्रमुख र पहिलो कुरा हुन आउँछ र करुणा उत्पन्न हुनको लागि त्यही दु:ख अरुमा छर्लङ्ग देख्न र मानौं आफैलाई त्यो दु:ख अनुभव भइरहेको हो कि जस्तो गरी अनुभव गर्न सक्नु पर्छ । कतिपय व्यक्तिले "दु:ख त अनुभव भइरहेको ही कि जस्तो गरी अनुभव गर्न सक्नु पर्छ । कतिपय व्यक्तिले "दु:ख त बुझि-राखिएको छ, अब त त्यसबाट पार हुने मार्ग पो हामीलाई चाहिएको हो, दु:खै भनेर मात्र कति बसिरहने ?" भन्ने सोच्छन् । एक हिसाबले यो विचार ठीक जस्तो देखिन्छ तापनि बौद्ध मार्गको सन्दर्भमा त्यो विचार त्यति ठीक होइन । किनकि दु:ख बुझ्नु र दु:खलाई देख्नु नै मार्गको अङ्ग हो । अर्थात् दु:खले नै मार्ग बनाउँछ । सबैलाई थाहा भएकै कुरा हो कि दु:ख नभएसम्म मानिसले धर्म खोज्दैन । त्यसैले दु:खले मार्गमा सही ढङ्गबाट हिँडाउँछ । परन्तु दु:खलाई सही ढङ्गले बुझ्न जान्नु पर्छ । दु:ख के कारणले भइरहन्छ या भइरहेको छ त्यसलाई बुझ्ने प्रयत्न गर्नुपर्दछ ।

आयुर्वेदमा एउटा सिद्धान्त छ जसलाई लङ्घन भन्दछन् । त्यसको अर्थ हो उपवास बस्नु या खाना नखाएर दिन कटाउनु । सामान्यतया ज्वरो, रूघा जस्ता विरामी लागेमा त्यसरी लङ्घन गर्नुलाई सबभन्दा राम्रो उपाय मानिन्छ । त्यसको कारण के हो भने शरीरले सामान्यतया विकारहरूलाई हटाउन स्वभाविक प्रयत्न गर्‍यो भने त्यस्तो ज्वरो आदि आउने गर्छ र त्यसलाई कुनै रोग या नराम्रो लक्षणको रूपमा लिनुको बदला त्यो प्रक्रियामा मद्दत गर्नु आयुर्वेदमा उत्तम तरीका मानिन्छ जसले गर्दा शरीरले स्वाभाविक रूपमै विकारलाई स्वयं हटाओस् । त्यसैले लङ्घन (उपवास) बाट उक्त प्रक्रियामा सहयोग हुन्छ र शरीरको रोग प्रतिरोध क्षमतामा बृद्धि र अभ्यास हुने गर्दछ र त्यसैले त्यो प्रक्रिया दीर्घकालीन स्वस्थको लागि उत्तम मानिन्छ । त्यस्तै यो 'दु:ख' पनि एक प्रकारले त्यही विकार पन्छाउँदा बढेको तापक्रम (ज्वरो) जस्तै हो । किनभने पहिलेका दुष्कर्म या अकुशल कर्महरू यो स्कन्ध सन्तानमा जम्दै गएकाले तिनीहरूलाई पखाल्नु या सफा गर्नु नै दु:खरूपी ज्वरो आउनु हो । त्यसैले यहाँ पनि लङ्घन गर्न जान्नु पर्छ । साधकले दु:खलाई बुझ्ने तरीका पनि यस्तै हुनुपर्छ । शुरू शुरूका अभ्यासीहरूलाई (आदिकार्मिक-हरूलाई) दु:ख बढी आइलाग्छन् । यो स्वाभाविक पनि हो किनभने दु:ख निरोधगामी मार्गमा हिँड्दा दु:खलाई नै हटाउन अभ्यास गरिन्छ । दु:खलाई हटाउँदा दु:ख देख्नु, दु:ख बुझ्नु र दु:ख भोग्नु तीनओटै कुरा आवश्यक हुन्छन् र त्यही नै सोझो बाटो हो । त्यसैले दु:खसँग नडराउनु, दु:खले पाप धुन्छ भनेर गुरूहरूले बारम्बार उपदेश गरेको हामी पाउँछौं । कर्म र क्लेश जम्मा भैसकेपछि तिनीहरूलाई पखाल्न तिनीहरूको भोग गर्ने पर्छ केवल त्यसलाई कसरी लिने भन्ने प्रश्न मात्र हो । माथि भनिएको जस्तो ती दु:खहरूका हेतु आफ्नै कर्म हुन् भन्ने बुझेर लङ्घन गर्न जानियो भने चित्तको मयल पखालिन थाल्छ र त्यो स्वाभाविक पनि हुन्छ । त्यो नबुझेर अय्या र आत्थु बढी गर्न थालियो भने त्यही दु:ख पनि बढी पीडादायक हुन्छ । दु:खलाई अस्थायी रूपमा, बौद्धिक रूपमा मात्र बुझेर दु:ख बुझें भन्नु र दु:खलाई मार्गीकरण गर्नु भिन्दा भिन्दै कुरा हुन् र यहाँ मार्गीकरण महत्वपूर्ण कुरा हो ।

■

# बुद्धविहारमा विपश्यना स्थापना बारे

■ कृष्णकारी ताम्राकार

२५५१ वर्षको कुरा सिद्धार्थ गौतमले राजपाट त्यागि ६ वर्ष सम्म तपस्या गरि दुःख मुक्त हुने ज्ञान प्राप्त गरि बुद्ध हुनु भयो। वहाँले ज्ञान प्राप्त गर्नु भएको आफुमा मात्र सिमित नराखि धेरै मानिसलाई बाडिंदिनु भयो। भगवान बुद्धले करोडौं मानिसहरूलाई ज्ञानको उपदेश दिई दुःखबाट मुक्त गराउनु भयो। वहाँले धेरै नै भिक्षु भिक्षुणीहरू बनाई आफूले पाएको ज्ञान सिकाउनु भयो। हजारौं वहांको अनुयायीहरू अथवा भिक्षु भिक्षुणीहरूले उपदेश दिइ दुःख बाट मुक्त गरेको थियो। भगवान बुद्धको पालामा थुप्रै भिक्षु भिक्षुणीहरू शुद्ध चित्त भई उपदेश दिनेहरू थिए। त्यसैले भगवान बुद्ध परिनिर्वाण भए पनि बुद्धको उपदेश दिने भिक्षु भिक्षुणीहरूले नै प्रचार प्रसारमा लागिरहनु भयो। यहि परम्परा गुरू बनि चेला बनाई उपदेश दिइ प्रचार प्रसार गर्दै हालसम्म पनि यहि नै चलन चल्ति भइ नै रहेको छ। यहि परम्परा चलन चल्तिलाई स्व. वरिष्ठ आचार्य रत्न मञ्जरी गुरुमांले पनि अपनाइ प्रचार प्रसार गर्नु भएको थियो।

स्व. वरिष्ठ आचार्य रत्न मञ्जरी गुरुमां गृहस्थी हुंदाको नेपालको अत्यन्त विकट जिल्ला भोजपुर टक्सारमा १९७५ सालमा सामान्य परिवारमा जन्मिनु भएकि वहां गुरुमां बौद्ध भिक्षुहरूको संगतमा परेपछि बुद्ध धर्म मुल सिद्धान्त अनित्य धर्मलाई बुझ्नु भई वहां आफ्नो जीवनलाई बुद्ध धर्ममा प्रवेश गर्ने विचार गरि कुशीनगरमा गई २००२ साल माघमा उ चन्द्रमणि महास्थवीरको आर्चायत्वमा प्रव्रजित भई गुरुमां रत्न मञ्जरी नामले प्रख्यात हुनु भयो। त्यस समयमा शुद्ध बुद्धधर्म अध्ययन गर्ने नेपालमा थिएन। त्यसैले वहां म्यानमार बर्मामा बुद्धशिक्षा अध्ययन र ध्यान भावना अभ्यास गर्न जानु भयो। बुद्ध शिक्षा अध्ययन गर्ने र ध्यान भावना अभ्यास गर्ने इच्छा राखेर ६ वर्ष सम्म (बर्मा) म्यानमारमा बस्नु भई अध्ययन र अभ्यास गरेपछि नेपाल फर्किनु भयो। वहांले गुरूजी क्ल्याण मित्र सत्यनारायण गोयन्काज्यूबाट पनि वर्षमा एक पल्ट हुने शिविरमा नियमित रूपले इगतपूरीमा जानु हुन्थ्यो। ध्यान भावना गरिरहँदैमा पूज्य गुरु सत्यनारायण गोयन्काज्यूले विपश्यना आचार्य पदमा नियुक्ति गर्नु भयो। यसरी वहाँ नेपालको प्रथम महिला आचार्य हुनु भयो। वहांले विपश्यना ध्यान केन्द्र रेकर्ड अनुसार ठाउँठाउँमा ध्यान शिविर राख्नु भयो।

वरिष्ठ आचार्य रत्न मञ्जरी गुरुमां धरान बुद्ध विहार ८ मां पनि शिविर संचालन गर्नु आउनु भयो। ध्यान शिविर कसरी संचालन भएको एक घटना मलाई याद आउँछ। २०४९ साल वैशाखमा पूज्यनिय गुरुजी सत्यनारायण गोयन्काज्यू काठमाण्डु धर्मश्रृंगमा पाल्नु भएको थियो। त्यस बखतमा गोयन्काज्यूद्वारा ध्यान शिविर राखेको हुंदा धरान बुद्ध विहार ८ का उपासक उपासिकाहरू– ध्यान बस्न धर्म श्रृंग काठमाडौ बूढानिलकण्ठमा जानुभयो। १० दिने ध्यान शिविर बसि मौन तोडेको दिनमा यहाँबाट गएका सबै साथीहरू र भू.पु. अध्यक्ष श्री विष्णु देवी श्रेष्ठ र भू.पू. सचिव मेजर खड्ग बहादुर मोक्तान सहित पूज्यनिय आचार्य गोयन्का गुरु जी संग भेटघाट गर्न जानु भएको थियो। त्यसै बखत गोयन्का गुरुजी संग धरानमा पनि विपश्यना ध्यान संचालन गर्ने बारेमा अनुरोध गर्नु भयो। गोयन्काज्यूले पनि अनुरोधलाई स्वीकार्नु भई वहांको सहायक आचार्य रत्नमञ्जरी गुरुमांलाई आफ्नो श्रीमुख बाट धरानमा ध्यान शिविर राख्ने अनुमति दिनु भयो। स्व. रत्नमञ्जरी गुरुमांले पनि गोयन्का गुरुको वचन शिरमा राखि २०४९ साल माघमा ध्यान राख्नु आउनु भयो। वहांको साथमा शरण शिला गुरुमां पनि हुनुहुन्थ्यो। वहां धरानमा आउनु हुंदा ध्यान राख्ने केहि व्यवस्था भएको थिएन। वहांले हामी ध्यान राख्न आएका हौं भनि सबैलाई बोलाई छलफल गरि २०४९ साल माघ २० गते देखि ३० गते सम्म र २०४९ फागुन ६ गते देखि १७ गते सम्म गरि दुइ शिविर संचालन गर्नुभयो। पछि २०५० साल पुषमा १० दिने १ शिविर र एक बाल शिविर पनि चलाउनु भएको थियो। वहांले विपश्यना ध्यानको अर्थ कोष हुनु पर्छ भनेर रत्नमञ्जरी गुरुमां र शरणशिला गुरुमां दुइ जना भएर भिक्षाटन गरि अर्थकोष जम्मा गर्नुभयो। त्यस बेला देखि अहिले सम्म कोषको रकम ध्यान शिविरमा चलाई ध्यान शिविरबाट उठेको दान अर्थ कोषमा जम्मा गरेको छ। हाल सम्म धरानमा ध्यान शिविर संचालन यस तरिकाले भइ रहेको छ। यसरी स्व. रत्नमञ्जरी गुरुमांले बुद्ध शिक्षा र ध्यान भावना सिकेर अहिले बरिष्ठ आचार्य हुनुभै ठाउं ठाउंमा ध्यान शिविर राख्नु भयो र धरान बुद्ध विहार ८ मा पनि आउनु भै यस प्रकारले ध्यान शिविरको स्थापना गर्नु भयो। भवतु सब्ब मंगलं॥



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन प्रचलित चिकित्सा प्रणाली

■ आनन्द प्रधान

बौद्ध वाङमयहरू अध्ययन गर्दा आज भन्दा २५७० बर्ष अगाडि बुद्धको समयमा चिकित्सा विज्ञानको क्षेत्रमा धेरै नै विकास भै सकेको प्रमाणहरू अक्षरमा लिपिबद्ध भएको पाइन्छ । जस्तो विभिन्न मुलुकबाट चिकित्सा विज्ञानको विषय लिएर अध्ययन गर्न आउने विद्यार्थीहरूले दीर्घ अनुभवी, दक्ष, योग्य तथा चारैतिर नाउँ कहलाएका वैद्यहरूको सान्निध्यमा रहेर सैद्धान्तिक तथा व्यवहारिक ज्ञान हासिल गर्ने एक मात्र भरपर्दो तथा विश्वासिलो केन्द्रको रुपमा रहेको तक्षशिला विश्वविद्यालय वर्तमान पश्चिम पाकिस्तानस्थित जिल्ला रावलपिण्डी, शाहजीदी, ढेरी वरीपरी रहेको प्रमाण त्यस्तै मगध (वर्तमान विहार प्रदेश) राजधानी राजगृहकी सुन्दरी नगरवधू सालवतीको कोखबाट जन्मिएको अवैद्य वर्णसंकर शिशु जो पछि जीवक कौमार भृत्य नामले तक्षशिलाबाट वैद्यक शास्त्र विषयमा सात बर्ष अध्ययन गरेर राजगृह फर्की रोगीहरूको जटिल रोगहरू जाती पारी दिएको प्रमाण त्यस्तै बुद्ध धर्मका प्रवर्तक संस्थापक, संरक्षक तथा आदि गुरु स्वयं गौतम बुद्ध आफ्नो समयको एक कुशल भैषाज्य गुरु हुनुहुन्थ्यो भन्ने कुराको प्रमाण र वैद्यक-शास्त्रका ज्ञाता आचार्यहरूमा नारद, धन्वन्तरी, अङ्गीरस, कपिल, कण्डररिगसाय, अतुल तथा पूर्वकात्यायनहरू आ-आफ्ना समयका नाउँ कमाएका व्यक्तित्वहरू हुनुहुन्थ्यो भन्ने कुराका यी मुख्य मुख्य प्रमाणहरू चिकित्सा विज्ञानको इतिहासको पानाबाट कहिल्यै पनि नमेटिने प्रमाणहरू हुन् ।

**चिकित्सा प्रणाली-**

त्यो समयमा शल्य-चिकित्सा, जल-चिकित्सा, स्वेदकर्म, शस्त्रकर्म, सर्प-चिकित्सा, विषचिकित्सा, भूतचिकित्सा, पाण्डुरोग चिकित्सा, पीलोधाउ खतिरा चीर फार घर-दिन्नको चिकित्सा जुल-पित्तीको चिकित्सा आदि जस्ता चिकित्साहरू हुने गरेको तथा जडीबूटी खनिग-लवण, पशुजन्य उत्पादित वस्तु र घरेलु सामग्रीहरूबाट औषधी बनाउने विधि तथा औषधीको वैद्यता अवधि वारे यहाँ प्रकाश पारेको बुंदाहरूले पुष्टि गर्दछ ।

**औषधी उपचार-**

एक पटक सरकेत (वर्तमान अयोध्या) का धनी साहुकी श्रीमती सात बर्षदेखि टाउको दुख्ने रोगले पीडित भएको अवस्थामा तक्षशिलाबाट वैद्यक-शास्त्रको अध्ययन पुरा गरेर फर्की रहेको जीवक कौमार भृत्यले साहुनीको दीर्घ रोग निदान गरेर एक मात्रा औषधी नाकमा सुँघाई दिंदा त्यसको प्रभावले साहुनीको टाउको दुख्ने रोग चरर जाती भएकोमा साहुले अत्यन्तै खुशी भएर उक्त जीवक वैद्यलाई सोह्र हजार रूपियाँ, कमारा-कमारी र घोडा-रथ दिएको वर्णन, त्यस्तै मगध नरेश बिम्बिसार मलद्वारको अल्सर घाउले थला परेको अवस्थामा उनै जीवकको एक मात्रा औषधीको लेपले उक्त घाउ चट्ट जाती भए वापत राजाले सुनका गहनाहरू दिएको वर्णन तथा अज्जैनका राजा प्रद्योत पेटको खराबीले अस्वस्थ भएको अवस्थामा उल्टी आउने घिउ मिश्रित औषधी एक मात्रा खुवाउँदा उल्टी हुन गै परेको रोग ठीक भएकोमा औधी खुशी भएर शिविदेश (=वर्तमान बलुचिस्तान अथवा शोरकोट पञ्जाव) बाट झिकाएको बहुमूल्य दोसल्ला एक जोर दिएको वर्णनहरू बिर्सी नसक्नु कै छन् ।

**शल्य चिकित्सा-**

एक पटक मगध राज्यका राजगृह निवासी धनाढ्य नगर साहु स्वयम सात बर्षदेखि टाउको दुख्ने रोगले ग्रस्त भएको अवस्थामा शल्यक्रिया गरेर शिरको छाला हटाएर खोपडी झिकेर टाउको भित्र भएको दुइवटा कीरा निकालेर फेरी जस्ताको तस्तै खोपडी राखी जोडेर औषधीको लेप लगाई छाला सिलाइ गरेको तीन हप्तामा दीर्घ रोग सदाको लागी जाती पारी दिएकोमा धेरै खुशी भएर हजार रुपियाँ उपरोक्त वैद्यको हातमा राखी दिएको वर्णन त्यस्तै बनारसका धनी साहुका छोरालाई सात बर्षदेखि रिङ्गटा लाग्ने रोगले सताएको, आन्द्रामा गिर्खा बनेको, खाएको कुरा नपचेको दुबलो पातलो पहेलो भएको अवस्थामा जीवक कौमार भृत्यले रोगको निदान गरी भुँडी चिरेर गिर्खा काटेर फाली फेरी पहिलेको जस्तै आन्द्रा-भुँडी भित्र राखेर सिलाई गरेर शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरेर जाती पारी दिए वापत खुशी भएर साहुले वैद्यलाई सोह्र हजार रुपियाँ इनाम स्वरूप दिएको वर्णनहरू अविस्मरणीय छन् ।

**स्वेदकर्म–**

एक पटक बुद्धका समकालीन शिष्य आयुष्मान पिलिन्दवच्छलाई वात रोग लाग्दा शरीरबाट खलखल्ती पसिना निकाल्नलाई विभिन्न किसिमको औषधी गुण भएको पातमा सुताएर सम्भार-स्वेदकर्म पद्धति अवलम्बन गरेको, त्यो पद्धतिबाट नभएर महास्वेद चिकित्सा अन्ताति खाडल खनेर गोलकोइलाले टम्म भरेर माटो र बालुवाले चारैतिर ढाकेर, वात रोग निको पार्ने औषधी गुण भएको पातहरू ओछ्याएर, त्यसपछि शरीरमा तेल घसेर चिल्लो पारी अनि त्यसमाथि तपतन्न सुतेर पसिना निकाल्ने बिधि अवलम्बन गरेको त्यस्तै पर्वुवात (=सन्धिवात) निको पार्न कोठा भित्र तातो पानीको भाजँ राखेर त्यसमा घण्टौं भरसम्म डुबेर पसिना निकाल्ने उदक-कोष्टक विधि अथवा जलचिकित्सा विधि अवलम्बन गरेको प्रमाण पाइन्छ। कसैलाई भूतले समातेमा अन्न गेडा पोलेर त्यसबाट बनाएको 'आभिषोदक' झोल औषधी खुवाउने, पाण्डुरोग (=स्वेतकष्ठ) चिकित्सामा गाईको मुत्र र हर्राबाट बनाएको औषधी खुवाउने, विरेचकले दिशा शूल गराउने औषधीहरू गरेका प्रमाण भेटिन्छ। एक पटक राजगृहमा बस्नु हुँदा गौतम बुद्ध स्वयम अस्वस्थ हुनु भएको बेला उनै जीवक कौमार भृत्यले दिएको ३ मात्रा उत्पल भैषज्य ३ पटक सुँघ्दा ३० पटक शूल झाडा भएर जाती हुनु भएको वर्णन जति रोचक प्रसंगको छ त्यतिनै खोजी गर्न योग्यको विषय छ।

माथि उल्लेख गरीएका चिकित्सा प्रणालीले यो मानव जातिले धरतीमा पाइला टेकेदेखि नै आन्तरिक तथा वाह्य कारणले हुने रोग तथा घाउ खटिरा निको पार्न तथा सदाको लागि मुक्ति पाउन बल, बुद्धि, अनुभव र समयको सदुपयोग गरेर आफू बसेको वरीपरी पाइने प्राकृतिक स्रोत र साधन जुटाएर र बनाएर अनवरत रुपमा औषधी उपचार गर्दै आइरहेको कुराको संकेत दिन्छ।

वर्तमान युग विज्ञान र प्रविधिको अभूतपूर्व विकासको युग हो। विभिन्न किसिमको उपयोगी उन्नत प्रविधि र अत्याधुनिक उपकरणहरूको विकास र प्रयोगले चिकित्सा विज्ञानको क्षेत्र अहिलेको तुलनामा धेरै फराकिलो भएको छ र यो फराकिलो हुने क्रम जारी नै छ भने शल्यक्रिया औषधी उपचार प्रक्रिया जटिलबाट सरल, सहज, छिटो छरितो, भरपर्दो र विश्वासीलो हुनाको अतिरिक्त रामवाण औषधीहरूको निर्माणले मानव जाति लगायत पाल्तु पशु-पन्छीहरूलाई घातक महामारी रोगहरूबाट बचाउन सफल भएको छ, मानिसको औसत आयु बढेर गएको छ, मृत्यु दर घटेर गएको छ। प्राकृतिक छनौटको सिद्धान्तलाई निरर्थक तुल्याइ दिएको छ।

यथार्थमा भन्ने हो भने चिकित्सा विज्ञानको क्षेत्रमा भएको विकास र प्रगति निश्चयनै गौरवपूर्ण अविस्मरणीय उपलब्धि मान्नु पर्छ।

**सन्दर्भ ग्रन्थ**


१. धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका अङ्कहरू धर्मकीर्ति विहार
२. मिलिन्द-प्रश्न- भिक्षु जगदीश काश्यप, एम.ए कलकत्ता भारत
३. विनयपिटक- राहुल सांकृत्यायन, सारनाथ, बनारस, भारत।


**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ४९२
सजला डंगोल
चल्खु ३३/९९, काठमाण्डौ १२
रु. १०५०/-

क्र.सं. ४९३
प्रकाश श्रेष्ठ
जयवागेश्वरी
रु. १०५०/-

क्र.सं. ४९४
श्रीमती निर्मला श्रेष्ठ (मलेक)
पुलचोक (स्तुपासँगै)
ललितपुर
रु. १०५०/-

क्र.सं. ४९५
अरुणा शाक्य
c/o तेज राज शाक्य
(कोत अगाडि) हरबाटोल
रु. १००५/-

क्र.सं. ४९६
इन्दीरा कंसाकार
बुराँख्यः
रु. १०१०/-



Downloaded from http://www.dhamma.digital

# बुद्धि बीज हो

– नरेन्द्रनाथ भट्टराई

जसरी रूख बिरुवा, फलफूल, अन्नपात सबैको आधार यिनको बीजमा रहेको हुन्छ, असल बीजबाट असल रूखविरुवा हुन्छन् त्यसैगरी मनुष्यजीवनको बीज बुद्धि अर्थात् विवेक हुन्छ । राम्रो बुद्धि भएको मानिस नै राम्रो हुन्छ, सफल हुन्छ, योग्य हुन्छ । मानिसको पहिचान नै विवेकबाट हुन्छ, अरू कुराबाट हुँदैन ।

कुनै देशका एकजना राजाका तीन छोराहरू रहेछन् । कुन छोरा बुद्धिमान र बढी समझदार छ तथा कुन छोराको जिम्मामा राजगद्दी सुम्पिएका देश र जनताको सुखसमृद्धि होला भन्ठानी जाँच गर्ने अठोट गरेर तीनैवटा छोरालाई बोलाएर राजाले भनेछन्, "हेर बाबु हो ! म ३/४ वर्षको लागि तीर्थाटन गर्न जान्छु । मैले तल छिंडीमा तीन कोठामा बोरा भरी भरी विभिन्न फल र फूलका बीउहरू राखिदिएको छु । तिनीहरूले राम्ररी संरक्षण गर्नु । म फर्केर आएर माग्नेछु । पहिला कोठाको जिम्मा जेठाको, दोस्रो माहिलाको र तेस्रो तथा छिउको जिम्मा कान्छाको भयो ।" यति भनेर राजा तीर्थतिर लागे । ५ वर्षपछि राजा फर्किए । छोराहरूलाई बोलाएर मेरो नासोको के छ खबर, भनी जेठा छोरासँग सोधे । जेठाले भने, "बुबा ! लिनबक्सियोस् यो साँचो, मैले ढोकासम्म खोलेको छैन ।" राजाले भने "साँचो मागेको होइन । साँचाको संरक्षण गर्न दिएको पनि होइन, देऊ मेरा बीउहरू, देखाऊ मलाई मेरा बीउहरूको अवस्था" भनी छिंडी खोल्न लगाए । ढोका खोल्नेबित्तिकै कुहिएका बीउहरूको दुर्गन्धले भित्रै पस्न सकिएन । नोकर लाई लगाई बोरा झिक्छन् त बीउको साथै बोरा पनि कुहिएको लत्याकलुतुक भैसकेको ! माहिला छोरातर्फ फर्केर ल्वै मेरा बीऊ भने । माहिला छोराले रूपैयाँको थैली लिएर अगाडि राख्दै भने, "त्यसै राख्दा कुहिएर सड्ला भन्ठानी ती बीऊ बेचिदिएँ, अब चाहिए यही रूपियाँले किनेर ल्याइदिउँला ।" राजा कान्छा छोरातर्फ फर्के । कान्छा छोराले भने, "माथि आलीमा जाऔं बुबा, त्यहाँबाट देखाइदिन्छु ।" यति भनी माथि गएर राजाको कम्पाउण्डभरि र बाहिर समेत लटरम्म फलेको फल र फूलहरूको बगैंचा देखाएर भने, "मैले हजुरले दिबक्सेका सबै बीऊ आफ्नै कम्पाउण्डभित्र र अरू जनतालाई समेत बाँडेर रोप्न लगाएँ । ५ वर्षमा तिनको अवस्था यस्तो भयो ।" त्यसपछि राजाले भने, "हे राजकुमार हो ! तिमीहरूको बुद्धिको जाँच गर्न मैले यो गरेको हुँ । जेठाको हातमा राज्य दियो भने देश र जनता यिनै बीऊ सडेझैं सड्छन् । माहिलामा थोरै मात्र होश भए पनि यसले राज्य नै बेच्न सक्छ । कान्छा साँच्चिकै समझदार रहेछ । यसको हातमा राज्य पर्‍यो भने फल र फूल अनन्त गुण बढेझैं राज्य र प्रजा पनि, समृद्ध हुन्छन् ।"

बुद्धि मनुष्य जीवनको बीज हो । तसर्थ बुद्धि पनि खोपडीमा बन्द गर्ने वा बिक्री गर्ने वस्तु होइन, सदुपयोग गरेर फैलाउने वस्तु हो । ■

१. बीजले जब आफ्नो अस्तित्व बीजपनलाई छोडिदिन्छ तब मात्र ऊ वृक्ष बन्न सक्दछ यसैगरी जीवले पनि जब अहंपनालाई छोडिदिन्छ तब मात्र ऊ आत्मा बन्न सक्दछ ।

२. सत्य भनेको कुनै घटना होइन न त यो अनुभव हुने कुरा नै हो । यो स्वप्रकाश छ तर असत्यको बादलले ढाकिएर छोपिएजस्तो मात्र भएको छ । असत्यलाई छोडिदिएमा यो झल्झलाकार हुन्छ ।

३. असतका दुई अवस्था हुन्छन्, जाग्रत र स्वप्न । जाग्रतमा स्वप्न असत हुन्छ भने स्वप्नमा जाग्रत असत हुन्छ ।

आधार– परमात्माको दर्शन (चिन्तनद्वारा)

*२०६४ बैशाख १ गते, शनिवार*

**शनिवारीय कक्षा प्रतिवेदन**

*प्रस्तुतकर्ता : श्यामलाल चित्रकार, संयोजक*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले अन्य विभिन्न कार्यक्रमहरू संचालन गर्ने अलावा श्रद्धेय भिक्षु भिक्षुणी तथा अन्य बौद्ध विद्वानहरूबाट हरेक शनिश्चरवार विहान अटुट रूपमा प्रवचन तथा छलफल गराउनु एउटा प्रमुख कार्य रहेको छ। नयाँ सदस्यहरूलाई प्रारम्भिक बुद्ध शिक्षा दिलाउनु, मिलिन्द प्रश्न, मंगलसूत्र, विभिन्न धर्म दर्शन इत्यादि सम्बन्धी श्रृखंलाबद्ध रूपमा प्रवचन कार्यक्रमहरू भइरहनुले गर्दा शनिवारिय कक्षाको अझ बढी महत्व र उपयोगिताको वृद्धि भएको छ। गोष्ठीको सम्पूर्ण सदस्यहरू तथा अन्य इच्छुक महानुभावहरू हरेक शनिश्चरवार विहान ८:३० वजे भन्दा अगाडि आउनु भई लाभ उठाउनु हुन आग्रह गर्दछु।

वि.सं. २०६३ साल भरीमा निम्न बमोजिम भन्ते गुरुमांहरू तथा अन्य महानुभावहरूले निम्न संख्यामा कक्षा लिनु भएकोमा गोष्ठीको तर्फबाट वहाँहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै कक्षाको रिपोर्ट तयार गर्नेहरूलाई तथा कक्षा संचालन समितिका सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्दछु। भविष्यमा पनि यहि अनुरूप सबैबाट सहयोगको अपेक्षा गर्दछु।

| | *नाम* | *कक्षा संख्या* |
|---|---|---|
| १. | श्रद्धेय अश्वघोष भन्ते | ५ |
| २. | श्रद्धेय धर्मगुरु भन्ते | १ |
| ३. | श्रद्धेय धम्मवती गुरुमाँ | ९ |
| ४. | श्रद्धेय सुजाता गुरुमाँ | ४ |
| ५. | श्रद्धेय अनुपमा गुरुमाँ | २ |
| ६. | श्रद्धेय इन्दावती गुरुमाँ | २ |
| ७. | श्रद्धेय वीर्यवती गुरुमाँ | १ |
| ८. | श्रद्धेय धम्मदिन्ना गुरुमां | १ |
| ९. | श्रद्धेय कुसुम गुरुमाँ | १ |
| १०. | डा. नरेशमान वज्राचार्य | ६ |
| ११. | श्री मदन रत्न मानन्धर | ५ |
| १२. | श्रीमति प्रेम हिरा तुलाधर | २ |
| १३. | श्रीमती रीना तुलाधर | १ |
| १४. | श्रीमती लोचनतारा तुलाधर | १ |
| १५. | श्री मीन बहादुर शाक्य | १ |
| १६. | डा. भद्र रत्न वज्राचार्य | १ |
| १७. | श्री श्यामलाल चित्रकार | १ |
| १८. | पर्व तथा अन्य कार्यक्रमहरू | ८ |
| | | ५२ |

*२०६३ चैत्र १७ गते, शनिवार।*

**विषय : अनागत वंश**

प्रस्तोता- विजय लक्ष्मी शाक्य

*स्थान- धर्मकीर्ति विहार, श्रीघः*

यसदिन श्रद्धेय इन्दावती गुरुमांले अतीत कालका बुद्धहरू, वर्तमान शाक्यमुनि बुद्ध र अनागत वा भविष्यमा आउने बुद्धहरू बिषय प्रवचन दिनु भयो। यसै सन्दर्भमा उहाँले बुद्ध वन्दनाको ब्याख्या गर्नु भयो।

यस सन्दर्भमा उहाँले भन्नुभयो बुद्ध शासन लोप हुने बेला विभिन्न संकेतहरू देखा पर्दछन् जस्तै-

१. बुद्धको प्रति विश्वास घट्दै जाने,
२. मार्गफल लोप हुदै जाने,
३. शीलाचरण लोप हुँदै जाने,
४. संघको लोप हुनुको साथै अग्रश्रावकहरू लोप हुँदै जाने,
५. जातक कथा लोप हुँदै जाने।

यस्तो समयमा देश, राष्ट्रका, प्रमुखहरू मिथ्या दृष्टिका हुन्छन्, सद्धर्मको पालना गर्दैनन्, शील पालना गर्दैनन्, जल वृष्टि हुँदैन, खेतबारी बाँकी रहदैन, श्रमणहरूलाई दान दिने समेत घट्दै जान्छ। त्यस्तै अन्न भय, रोग भय, युद्ध भय हुन्छ। मानिसको आयु छोटिन्छ। अनिकाल, दुर्भिक्ष हुन्छ अनि अनेक कल्प पछि मात्र जन मानिसहरू अति नै दु:खि हुन्छन् र धर्मको, शीलको पालना गर्ने चाहना गर्दछन्, धर्मको लागि जीवन समर्पण गर्न तयार हुन्छन् अनि मात्रै अर्को बुद्धको प्रादुर्भाव हुन्छन्।

शील आचरण राम्रो भएमा बुद्ध शासन लम्बीने हुन्छ। चतुर ब्रह्म विहारका गुणहरू जस्तै मैत्री, करुणा, मुदिता र उपेक्षाको अभ्यासले समाज र देशमा शान्ति र उन्नति हुने हुन्छ। तसर्थ भक्तिमार्गको साथै ज्ञान मार्गमा लाग्न सके वर्तमान जीवन सुखद र सफल हुने कुराको संकेत पनि उहाँले दिनु भयो।



Downloaded from http://www.dhamma.digital

*२०६४ बैशाख ८ गते, शनिवार*
*प्रस्तुती: मिनरबती तुलाधर*

### विषय: आचार्यसंग हुनु पर्ने गुणहरू

यसदिन भिक्षुणी धम्मवतीले मिलिन्द प्रश्न विषयमा प्रवचन दिनुहुँदै आचार्यसंग हुनुपर्नेगुणहरूलाई यसरी व्याख्या गर्नुभयो ।

१) आचार्यले आफ्नो शिष्यप्रति सधैंभरि पुरा ध्यान दिनुपर्छ ।
२) कर्तव्य र अकर्तव्यको बारेमा उपदेश दिनुपर्छ ।
३) सधैंभरी होशीयारी भएर बस्ने विषयमा उपदेश दिनुपर्छ ।
४) भोजन प्राप्त भएको छ कि छैन भनेर विचार पुर्‍याउनु पर्छ ।
५) त्यस्तै सुत्ने ठाउँको व्यबस्था गरिदिनु पर्छ ।
६) बिरामी भएको बेलामा औषधी उपलब्ध गराई हेरविचार गरिदिनु पर्छ ।
७) उनीहरुको चरित्रलाई सधैं ध्यान दिनुपर्छ ।
८) भिक्षापात्रमा भएको खाना बाँडेर खानुपर्छ ।
९) भयत्रास भएको अवस्थाबाट मुक्त गरिदिनु पर्छ ।
१०) संगत गर्न योग्य वा अयोग्यको बारे बताउनुपर्छ ।
११) शिष्यसंग हाँसेर नचाहिंदो कुरा गर्नु हुँदैन ।
१२) उसको गल्ती भएमा सच्याई दिनुपर्छ ।
१३) आफ्नो पुत्रलाई जस्तै स्नेह पूर्वक सम्पूर्ण विद्यामा पारंगत गराउने उद्देश्यले सिकाउनुपर्छ ।
१४) यदि आफ्नो शिष्य बिग्रेर गएतापनि मैत्रिपूर्वक सपारिदिनुपर्छ ।
१५) उसलाई ठूलो मानिस बनाउने, योग्य बनाउने, उद्देश्यले विद्या सिकाउनुपर्छ । इत्यादि ।

**उपासकका दश गुणहरू–**

१) उपासकले भिक्षुहरू प्रति सुख दुःखमा साथ दिनुपर्छ ।
२) आफ्नो शक्ति अनुसार दान दिनुपर्छ ।
३) धर्ममा अधिपति हुनुपर्छ ।
४) बुद्ध शासनको अवनति हुन लागेमा यसलाई उन्नती गर्ने कार्यतर्फ उद्योग गर्नुपर्छ ।
५) चञ्चल भएर आफ्नो जीवनलाई कामनलाग्ने कार्यहरूमा लगाउनु हुँदैन ।
६) सम्यकदृष्टि हुनुपर्छ ।
७) शरीरबाट हुने पाप र बचनबाट हुने पापमा संयम हुनुपर्छ ।
८) शान्ति प्राप्त गर्न इच्छुक हुनुपर्छ ।
९) सबैसंग मिलेर बस्न सक्नुपर्छ ।
१०) आफ्नो भित्री हृदयदेखि बुद्ध, धर्म संघ प्रति श्रद्धा राखी राम्रो संगतमा लाग्नु पर्दछ ।

*२०६४ बैशाख १५ गते, शनिवार ।*
*स्थान- धर्मकीर्ति विहार, श्रीःघ नःघ ।*

### विषय: मंगल सुत्त (निवातोच)

यस दिन श्रद्धेय सुजाता गुरुमाले २३ औं मंगलको विषयमा विस्तृत प्रवचन दिनु भयो । उहाँले भन्नुभयो कि निवातो च को अर्थ अभिमान रहित वा कोमल स्वभाव उत्पन्न हुनु हो । निवातोको विपरितार्थ शब्द भन्नाले मान-थद्ध क्रोध भन्ने बुझिन्छ । मान भन्नाने अभिमान, थद्ध भन्नाले मानिसको कडा स्वभाव र क्रोध भन्नाले लोभसंग क्रोध र रिस स्वभाव मिसिएको हुन्छ भन्ने बुझिन्छ ।

निवातो च ठीक यिनीहरूको विपरित आशय भएको मैत्रीपूर्ण कायिक कर्म मैत्रीपूर्ण वाचिक कर्म र मैत्रीपूर्ण मनोकर्म भन्ने बुझिन्छ । यी गुण भएका मानिसहरू जस्तो उच्च पदमा रहे पनि, धन सम्पत्ति, शील्प विद्या, रूपजाती आदीले परिपूर्ण भए पनि उच्च भएपनि कोमलस्वभावका हुन्छन् । अभिमान रहित हुन्छन । जस्तै बुद्धको अग्र श्रावकहरू सारिपुत्र र मौद्गल्यायण त्यस्तै आनन्द, नन्द राजकुमार, राहुल आदि छन् । तिनीहरू अनुशासित छन् । आफूभन्दा ठूलालाई गौरव आदर गर्दछन् । जोसंग अरूको आदर गौरब गर्ने स्वभाव हुन्छ, त्योसंग निवातोको स्वभाव विद्यमान हुन्छ ।

**मैत्रीकेन्द्र बाल आश्रमलाई सहयोग**

| | | |
|---|---|---|
| १) कमला सिंह, ढोका टोल | रु. | ५००।- |
| २) पूर्णहिरा तुलाधर पुच: धर्मकीर्ति | रु. | ५०००।- |
| ३) अनिर स्थापित, प्यूखा | रु. | १००।- |
| ४) शील देवी तुलाधर, ठमेल | रु. | ५००।- |
| ५) समुद्र देवी ताम्राकार, ताहाचल | रु. | १००।- |
| ६) लक्ष्मी रंजितकार, भोटाहिटी | रु. | १५०।- |
| ७) पजुमा सिंह, ढोका टोल | रु. | २०५।- |
| ८) प्रेम हेरा तुलाधर, असन | रु. | १००।- |
| ९) हेरा देवी, भोटाहिटी | रु. | २००।- |
| १०) माणिक लक्ष्मी तुलाधर, न्यतपाचो | रु. | ३००।- |
| ११) न्यू नेपाल संघ | रु. | २५,०००।- |
| १२) भक्तलाल चित्रकार, काठमाडौं | रु. | ५००।- |
| १३) शिशील चित्रकार | रु. | ५००।- |
| १४) केशचन्द्र शाक्य, बनेपा | रु. | ३००।- |

१५) पूर्ण हेरा तुलाधर पुच: द्वारा ध्यानकुटी विहारका भन्तेहरूलाई भोजन दान बाल श्रामणेका बालिका- हरूलाई भोजन दान भाँडा १ थान प्रदान ।

२०६४ बैशाख १ गते, शनिवार

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
## अपरिकृष्ट आर्थिक प्रतिवेदन वि.सं. २०६३

*प्रस्तुतकर्ता- श्यामलाल चित्रकार*

वि.सं. २०६३ साल भरिमा जम्मा आम्दानी रु. ९६९१४/१२४४१४/१६ मध्ये रु. १०८४३६।५८ खर्च भई १५९७७।५८ वचत भएको छ। गत वर्षको बैंक मौज्दात २६४२८९।३४ भएकोमा २०६३ साल चैत्र मसान्त सम्ममा रु. २७७७८६।९२ बैंक मौज्दात बाँकी छ। कार्यक्रम अनुसार तथा अन्य आम्दानी खर्चको विवरण निम्न बमोजिम प्रस्तुत गरेको छु।

| क्र.सं. | विवरण | खर्च | आम्दानी |
|---|---|---|---|
| | **क. कार्यक्रमहरू** | | |
| १. | श्रद्धेय भिक्षु अश्वघोषको जन्मोत्सव | ७८३२।- | ४८३२।- |
| २. | इमेज च्यानल र सन्ध्या टाइम्सलाई साधुपत्रको खर्च | २८७०।- | |
| ३. | श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांलाई जन्मोत्सव उपहार | ३०००।- | |
| ४. | गुरुपूजा | ६०३२।- | ६०३२।- |
| ५. | प्रव्रज्या दिवस | ५६५२।- | ३४३७।- |
| ६. | छैठौं हाजिर जवाफ प्रतियोगिता | १०२६३।- | १४३०९।- |
| ७. | अल्पकालिन प्रव्रज्या (२०६२) | ३९०५६।- | ४२३००।- |
| ८. | अल्पकालिन प्रव्रज्या (२०६३) | २७५००।- | २७५००।- |
| ९. | मिठाई तालिम | ६३५।- | ८००।- |
| | **ख अन्य खर्च आम्दानी** | | |
| १. | व्यानर लेखाइ | ५७३।- | |
| २. | स्टेसनरी | १८९५।- | |
| ३. | विज्ञापन | २०००।- | |
| ४. | अभिनन्दन पत्रहरूलाई योगदान | ५००।- | |
| ५. | फुटकर खर्च | २२५।- | |
| ६. | व्याजकर | ४०३।५८ | |
| ७. | व्याज आम्दानी | | ३१५२४।१६ |
| ८. | सदस्यता शुल्क | | ३६८०।- |
| | जम्मा | १०८४३६।५८ | १२४४१४।१६ |
| | **ग. यस वर्षको वचत** | १५९७७।५८ | |
| | जम्मा | १२४४१४।१६ | १२४४१४।१६ |
| | गत वर्षको बैंक मौज्दात | | २६४२८९।३४ |
| | कट्टी गत वर्षको दिनु पर्ने भुक्तानि | | ३३३०।- |
| | थप यस वर्षको वचत | | १५९७७।५८ |
| | थप यस वर्षको भुक्तानि दिन बाँकी | | ७५०।- |
| | यस वर्षको बैंक मौज्दात बाँकी | | २७७७८६।९२ |




Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको बार्षिक कार्यक्रम
## वि.सं. २०६४ बु.सं. २५५१

| क्र.सं. | मिति | कार्यक्रम | संयोजक | फोन |
|---|---|---|---|---|
| १ | आषाढ २ गते शनिवार | प्रव्रज्या दिवस | श्यामलाल चित्रकार | ४४१५१६२ |
| २ | आषाढ ३० गते शनिवार | पूज्यनिय अश्वघोष महास्थविरको ८१ औं जन्मोत्सव मनाउने र वहाँको जन्मोत्सवको उपलक्ष्यमा आयोजित चित्रकला र लेख प्रतियोगितामा विजयी प्रतियोगीहरूलाई पुरस्कार वितरण गर्ने । | चन्द्रा लक्ष्मी वज्राचार्य | ४२६४७७० |
| ३ | श्रावण १४ गते सोमबार | गुरु पूजा | मीना तुलाधर | ४२५५५६९ |
| ४ | श्रावण ८ गते देखि श्रावण १४ गते सम्म | पूज्यनिय धम्मवती गुरुमांको ७३ औं जन्मोत्सवको उपलक्ष्यमा शुभकामना तथा उपहार कार्यक्रम | | |
| ५ | पुष महिना | अल्पकालीन श्रामणेर र ऋषिणी प्रव्रज्या (बाल शिविर) | इन्दावती गुरुमां<br>अमीर कुमारी शाक्य | ४२५९४६६<br>४२५४१९४ |
| ६ | | बौद्ध गान प्रतियोगिता | रमा कंसाकार | ९८४१५५४२२१ |
| ७ | | स्वनेतृत्व तालिम | अरुण सिद्धि तुलाधर | ९८४१४८९१५७ |
| ८ | | बाल भेला | लोचनतारा तुलाधर | ४२२३६२३ |
| ९ | चैत्र २ शनिबार | बार्षिक भेला | राम कुमारी मानन्धर | ४२५८९८६ |

### धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६४ वैशाख १९ | अनुपमा गुरुमां | धम्मवती गुरुमां |
| २०६४ वैशाख १९ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६४ वैशाख २७ | कुसुम गुरुमां | कुसुम गुरुमां |
| २०६४ जेठ १ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६४ जेठ २ | जयवती गुरुमां | जयवती गुरुमां |

**सूचना । सूचना ।। सूचना ।।।**

**सुन्नुहोस् । सुन्नुहोस् ।। मैत्री वाणी सुन्नुहोस् ।।।**

**प्रत्येक दिनको बिहान ५ बजे देखि ६ बजेसम्म**

**मैत्री एफ.एम.९९.४ मेगाहर्जमा**

बौद्ध दर्शन, संस्कृति, कला, इतिहास र गतिविधि सम्बन्धी धार्मिक कार्यक्रम सुन्न इच्छुक श्रोताहरुले प्रत्येक दिनको बिहान ५ बजे देखि ६ बजे सम्म रेडियो मार्फत प्रसारण हुने "मैत्री वाणी" मैत्री एफ.एम. ९९.४ मेगाहर्ज सुनी फाइदा उठाउनु होस् ।

**मैत्री एफ.एम. ९९.४ मेगाहर्ज**

।। आरोग्या परमालाभा, सन्तुट्ठि परमं धन, विस्सासा परमञाति, निब्बानं परमं सुखं ।।

*सम्यक् सम्बुद्ध प्रति नतमस्तक हुँदै स्वास्थ्य सेवामा समर्पित धर्मकीर्ति विहारको शनिवारीय क्लिनिकबाट लाभ लिनुहोस् ।*

**प्रत्येक महिनाको**

| | | | |
|---|---|---|---|
| पहिलो शनिवार | डा. योगेन्द्रमान शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–९:३० |
| दोस्रो शनिवार | डा. मोतिराज वज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| तेस्रो शनिवार | डा. विजयलाल श्रेष्ठ | डाइबेटिक विज्ञ | ८:३०–१०:०० |
| चौथो शनिवार | डा. मोतिराज वज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| प्रत्येक पूर्णिमा | डा. सुरेन्द्र शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–१०:३० |

**धर्मकीर्ति स्वास्थ्य कमिटी, श्री घः विहार**

## लुम्बिनी उद्यानमा गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ सम्पन्न



*२५५१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा लुम्बिनी उद्यानमा अहोरात्री महापरित्राण पाठ थालनी गर्नुहुँदै धम्मवती गुरुमां प्रमुख अन्य गुरुमांहरू*

*२०६४ बैशाख १८, लुम्बिनी ।*

२५५१ औं बुद्ध पूर्णिमाको शुभ उपलक्ष्यमा एवं स्व. भिक्षु विमलानन्दको पुण्य स्मृतिमा धम्मवती गुरुमांको नेतृत्त्वमा धर्मकीर्ति विहारले लुम्बिनी परिसर भित्र देश विदेशबाट निर्मित विभिन्न विहारमा रहनुभएका थेरवाद, महायान एवं वज्रयानी धर्मगुरु भिक्षु भिक्षुणीहरूलाई गौतमीविहार लुम्बिनीमा निमन्त्रणा गरी भोजन दान गर्नुका साथै दानप्रदान कार्यक्रमको आयोजना गरिएको थियो ।

त्यहि दिन साँझपख धर्मकीर्ति विहार, गौतमी विहार एवं लुम्बिनी विकास कोषको संयुक्त तत्त्वावधानमा ज्यापूमहागुठीको वाँसुरी एवं धिमे बाजागाजाका साथ गौतमीविहार लुम्बिनी देखि मायादेवी मन्दिर सम्म शोभायात्राको आयोजना गरिएको थियो । बुद्ध मूर्ति सजाई परिक्रमा गरिएको उक्त शोभायात्रामा काठमाडौं देखि आएका लगभग पाँचसय उपासक उपासिकाहरूले पनि भाग लिएका थिए ।

यही सिलसिलामा उक्त राती लुम्बिनी उद्यानमा पूज्य धम्मवती गुरुमां प्रमुख अन्य लगभग २० जना गुरुमांहरूको तर्फबाट अहोरात्री महापरित्राण पाठ पनि सम्पन्न गरिएको थियो । परित्राण पाठ श्रवण गर्नका लागि काठमाडौंबाट पाल्नु भएका थुप्रै उपासक उपासिकाहरू रातभर मायादेवी मन्दिर परिसरमा जाग्राम भई बस्नुभएका थिए ।

राती १२ बजे धम्मवती गुरुमांले परित्राण पाठ श्रवणका लागि रात बिताएका उपासक उपासिकाहरूलाई प्रतित्य संमुत्पाद विषयमा धर्मदेशना (प्रवचन) गर्नुभएको थियो । भोलिपल्ट वैशाख १९ गतेका दिन परित्राण पाठ समापन गरिएको उक्त कार्यक्रमको शुरु र अन्त्यमा धर्मकीर्ति बौद्ध ज्ञानमालाको तर्फबाट ज्ञानमाला भजन प्रस्तुत गरी वातावरण अझ रोचक बनाइएको थियो ।

**मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना**

*२०६४ बैशाख ११, मंगलवार ।*

*स्थान- मैत्री बोधिसत्त्व महाविहार, जमल ।*

मैत्री बोधिसत्त्व महाविहार सुधार सहयोग समितिको आयोजनामा जमलमा हरेक महिनाको शुक्लपक्ष अष्टमीका दिन संचालन हुँदै आइरहेको बुद्धपूजा, ज्ञानमाला, भजन एवं धर्मदेशना कार्यक्रम अनुसार यसदिन धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई बुद्धपूजा संचालन गर्नुभएपछि धर्मदेशना गर्नुभएको थियो ।

कार्यक्रममा उपस्थित सम्पूर्ण गुरुमांहरू लगायत उपासक उपासिकाहरूलाई यसदिन दाता पञ्चवीर सिं, पुष्पदेवी तुलाधर प्रमुख सपरिवारको तर्फबाट जलपान दान गरिएको थियो ।

यसदिन स्वयम्भू ज्ञानमाला भजन खलःबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# २५५१ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न

*२०६४ वैशाख १९ गते, बुधबार ।*

नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा विभिन्न रोचक कार्यक्रमहरू संचालन गरी २५५१ औं बुद्ध पूर्णिमा महोत्सव यसरी संचालन गरिएको छ ।

**आनन्दकुटी विहार स्वयम्भू, काठमाडौं–**

विहान शील प्रार्थना, बुद्ध पूजा, र बुद्धको अस्थिधातु प्रदर्शन गरी कार्यक्रम सम्पन्न गरिएको थियो । बुद्ध जयन्ती समारोह समितिको आयोजनामा अपरान्ह १ बजे सम्म क्षीर भोजन दान गरिएको थियो ।

अपरान्ह ३ बजे भिक्षु अश्वघोष महास्थविरको सभापतित्त्वमा र शान्ति तथा पुनः निर्माण मन्त्री रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा सार्वजनिक समारोह सम्पन्न गरि एको थियो । उक्त कार्यक्रममा संयुक्त राष्ट्रसंघका प्रतिनिधि माथ्यू काहानेले मानव सभ्यताको इतिहासमा बुद्ध शिक्षा सबभन्दा महत्त्वपूर्ण भएको कुरा बताउनुहुँदै त्यसलाई राष्ट्र संघले आत्मसात गरेको विषयमा उल्लेख गर्नुभयो ।

श्रीलंकाका राजदूत सुनिथ नाकान्दलले संसारमा भगवान् बुद्धले पहिलो पटक सामाजिक प्रजातन्त्र जनता शक्तिको सन्देश फैलाउनु भएको विषयमा प्रकाश पार्नुभयो । यसरी नै जापानी राजदूत चुतोभो हिराओकाले बुद्धको शान्ति सन्देश सम्पूर्ण मानव जातीका लागि शान्ति र भातृत्वको सन्देशको स्रोत हो भन्नुभयो ।

यसरी नै समारोहका प्रमुख अतिथी मंत्री पौडेलले नेपालको शान्ति प्रक्रियामा भगवान् गौतम बुद्धको सन्देश मार्गदर्शन एवं प्रेरणाको स्रोत बन्ने कुरा बताउनु भयो ।

उक्त कार्यक्रममा सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सन्देश उद्घोषक केदार शाक्यले पढेर सुनाउनुभएको थियो । समारोह समितिका महासचिव संघरत्न शाक्य, समारोह प्रवन्धक गुह्यरत्न शाक्य, भिक्षु ज्ञानपूर्णिक महास्थविर लगायतका वक्ताहरूको मानवताको संरक्षण, समाजिक क्रान्ति मार्फत समुन्नत र शान्तिपूर्ण समाज निर्माण गर्नुपर्ने कुरामा जोड दिनुभएका थिए ।

आनन्दकुटी विहार स्वयम्भूमा वैशाख १२ गते देखि १८ गते सम्म विहान ७ बजेदेखि ११ बजेसम्म निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको थियो । त्रिरत्न मैत्री संघ खिचापोखरी, आनन्दकुटी विहारगुठी, स्वयम्भू लगायत बुद्ध जयन्ती समारोह समिति २५५१, श्रीघ:को संयुक्त आयोजनामा संचालित उक्त शिविरमा अक्युपञ्चर, अक्युप्रेसर र मोक्सिबिसन प्रविधिबाट उपचार गरिएको कुरा बुझिएको छ ।

यसरी नै वैशाख १९ गते रक्तदान कार्यक्रम पनि संचालन गरिएको थियो ।

**भद्रबन्दिगृह काठमाडौं–**

*१९ वैशाख २०६४*

२५५१ औं बुद्ध पूर्णिमाको उपलक्षमा नेपालको इतिहासमा प्रथम पटक काठमाडौं भद्रबन्दी गृहमा स्थापना गरिएको बुद्धमूर्ति परिसरमा भिक्षु-भिक्षुणीहरू र ठूलो संख्यामा उपासक उपासिकाहरू सहित बुद्धपूजा र प्रवचन कार्यक्रम सम्पन्न गरियो । कार्यक्रम बुद्धजयन्तीका कार्यकर्ता जुजुभाई तुलाधरको संयोजकत्वमा सम्पन्न भएको थियो । उक्त अवसरमा भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा संचालित उक्त कार्यक्रममा भिक्षु भद्दियले सदाचारी बन्नुपर्ने बुद्धको उपदेश विषयमा बोल्नु भयो । बुद्धमूर्ति किन र कहाँ स्थापना गर्ने भन्ने विषयमा प्रा. सुवर्ण शाक्यले बोल्नुभयो । दण्ड देखि सबैप्राणी भयभीत हुन्छन् बारे सुश्री सविता धाख्वाले बोल्नु भएको थियो । यसरी नै कारागार कार्यालय प्रमुख जेलर श्री राजेन्द्र कुमार अधिकारी, कारागार प्रमुख डी.एस.पी. श्री वीरेन्द्र कुमार बस्याल, भद्रबन्दीगृह चौकीदार श्री किरण लामा, आदिले शुभकामना मन्तव्य दिनु भएको थियो । सभापतिको आसनबाट भिक्षु अश्वघोष महास्थविरले बुद्धको शिक्षा मानिसलाई असल मान्छे बनाउनको लागि हो भन्ने विषयमा सबैको ध्यान जानुपर्ने कुरालाई जोडदिनुभयो । अन्तमा कार्यक्रमका संयोजक जुजुभाई तुलाधरले धन्यवाद ज्ञापन गर्दै जेलबाट मुक्त भइसकेपछि असल नागरिक बन्न सकोस् भनी यस्तो कार्यक्रम आयोजना गरिएको कुरा बताउनु भयो । उक्त जेलमा रहेका बन्दीहरूलाई धर्म सम्बन्धी पुस्तक वितरण गरि एको कुरा बुझिएको छ । कार्यक्रम शान्तरत्न शाक्यले संचालन गर्नुभएको थियो ।

**बौद्धमहोत्सव–**

२५५१ औं बुद्धपूर्णिमाको उपलक्षमा सत्यसन्देश प्रचारक प्रकाशन तथा आनन्दभुवन विहारको संयुक्त आयोजनामा १८, १९, २० तीन दिने बौद्ध महोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो । भुइखेल (सम्यकदान कार्यक्रम संचालन गरिने मैदान) मा उक्त कार्यक्रम सम्पन्न भएको थियो । महोत्सवमा बुद्धजीवनी मूर्ति, बौद्ध पुस्तक प्रदर्शनी बौद्ध साँस्कृतिक ज्ञानमाला भजन, बौद्ध नृत्य कार्यक्रम आदि संचालन गरिएको थियो । उद्घाटन समारोहमा संयोजक भिक्षु संघर क्षितले स्वागत भाषण गर्दै बौद्ध महोत्सव बारे प्रकाश पार्नु भएको थियो । भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा संचालित उक्त कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष ज्ञान पूर्णिक महास्थविर र सुवर्ण शाक्य आदिले आआफ्नो मन्तव्य दिनु भएको थियो । लामा गुरुहरूबाट शान्ति पाठ र भिक्षु संघबाट महापरित्राण पाठ सम्पन्न गरिएको उक्त कार्यक्रममा तीन दिन सम्म भिक्षु गुरुमाँहरू र उपासक उपासिकाहरूलाई समेत भोजनको व्यवस्था गरिएको थियो । उक्त कार्यक्रममा कल्पवृक्ष र अष्टपरिष्कार दानको कार्यक्रम पनि सम्पन्न गरिएको थियो ।

## धम्मकीर्ति

**नगदेश, ठिमी–**

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुच: नगदेशको संयुक्त आयोजनामा श्रद्धेय भिक्षु ज्ञानेश्वरको प्रमुख आतिथ्यमा "२५५१ औं बुद्ध पुण्यतिथि कार्यक्रम भव्यरूपले सम्पन्न गरियो । मध्यपुर थिमि नगर-४, ५ र ६ स्थित नगदेश मा शान्तपूर्वक प्रभातफेरी कार्यक्रम विभिन्न बाजागाजा र ज्ञानमाला भजन खल: नगदेश सहित भएर गरेको थियो । प्रभातफेरी कार्यक्रम पश्चात् नगदेश बुद्ध विहारको धम्महलमा श्रद्धेय भिक्षु ज्ञानेश्वर समक्ष अष्टशील-पञ्चशील प्रार्थना गरी बुद्ध पूजा सम्पन्न । त्यसपछि समूहका सचिव कृष्ण कुमार प्रजापतिले बुद्धपूर्णिमा र भागवान् बुद्धको सम्बन्ध" विषयमा मन्तव्य दिनु भयो । सभा समूहका अध्यक्ष न्हुछे कुमार सिंकेमनको अध्यक्षतामा सम्पन्न भएको थियो । स्वागत मन्तव्य र सधन्यवाद क्रमश: समूहका कोषाध्यक्ष रामभक्त हाँय्जु र बौद्ध ल्याय्म्ह पुच: नगदेशका अध्यक्ष शिवभक्त मेजुले दिनु भयो । सो प्रवचन समारोहमा प्रमुख अतिथि श्रद्धेय भन्ते ज्ञानेश्वरज्यूबाट बुद्ध संम्बत २५५१ मा संचालित परियत्ति परीक्षामा "बोर्ड तृतीय" भै उतीर्ण भएकी छात्रा सुश्री रचना बैद्यलाई खादा ओढाई पदक र प्रमाण-पत्र लगायत पुरस्कार राशी समेत प्रदान गर्नु भयो । त्यस्तै गरी नगदेश बुद्ध विहार परियत्ति केन्द्रबाट उतीर्ण भएका मध्येबाट प्रथम द्वितीय र तृतीय भएकी छात्रा तुल्सीदेवी वाडे, बिनु बाडे र सबिता मेजुलाई पनि श्रद्धेय भन्तेबाट प्रमाण-पत्र र पुरस्कार राशी वितरण गर्नु भयो । सो पुरस्कारको व्यवस्था उपासक ध्रुब राजकर्णिकारबाट दिवंगत पिताको निर्वाण कामनार्थ गरेको थियो ।

**का.म.पा.वडा नं. ५, हाँडिगाँउ–**

*बैशाख १९ गते,* बुधबार, वडा भरिका सम्पूर्ण साँस्कृतिक बाजाहरू, विद्यालयका विद्यार्थिहरू, लावा लस्कर, भगबान बुद्धको रथ सहितको शोभायात्राले ५ नं. वडा परिक्रमा पछि समारोह समितिका अध्यक्ष श्यामलाल चित्रकारको सभापतित्वमा बौद्ध सभा गरि भव्यरूपमा बुद्ध जयन्ती समारोह सम्पन्न गरियो । विश्वशान्ति विहारका श्रामणेरद्वय श्रद्धेय काश्यप र श्रद्धेय जयन्तुको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा श्रद्धेय काश्यपले मुलुक संचालन गर्न संविधान आवश्यक भए जस्तै सम्पूर्ण गृहस्थहरूलाई पंचशील पालन गर्न अपरिहार्य भएको कुरा बताउनु भयो । उक्त समारोहमा धर्मकीर्ति विहारका गुरुमांहरूले पनि भाग लिनु भएको थियो । २५५१ औं बुद्ध पूर्णिमाको चिन्ह स्वरूप भगवानको मुर्तिहरू उपहार स्वरूप प्रदान गरिएको थियो । अघिल्लो दिन विहान धर्मकीर्ति विहार लगायत विभिन्न विहारहरूबाट गरी जम्मा २७ जना भिक्षुणीहरूबाट भिक्षाटन भएको थियो भने सोहि दिन साँझ श्रीघ: ज्ञानमाला भजन खल:बाट भजन कार्यक्रम सम्पन्न भएको थियो । बैशाख १५, १६, १७ गते तिन दिन श्रद्धेय भिक्षुणी इन्दावती, श्रद्धेय भिक्षु डा. सुनन्द र श्रद्धेय भिक्षुणी कुमुमबाट धर्मदेशना पनि भएको थियो ।

**कुलेश्वर बुद्धविहार, काठमाडौं–**

२५५१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा यस विहारको प्राङ्गणमा स्वास्थ्य शिविर संचालन गरिएको समाचार छ । न्याय तथा संसदीय व्यवस्था मन्त्री इन्द्र बहादुर गुरूङको प्रमुख आतिथ्यमा संचालित उक्त कार्यक्रममा स्त्री रोग, बाल रोग, छाती रोग, फिजियोथेरापी, नशासम्बन्धी रोग, हाडजोर्नी, मुटुरोग दन्तरोग, तनावको कारणले हुने रोग, आदि गरी जम्मा आठ प्रकारका रोगहरूकालागि एघार जना डाक्टरहरूले सेवा प्रदान गर्नु भएका थिए । यस शिविरबाट जम्मा २०० जवान रोगीहरूले स्वास्थ्य लाभ गरेको कुरा बुझिएको छ । विहारका अध्यक्ष अशोक वज्राचार्यको सभापतित्वमा संचालित उक्त कार्यक्रममा मन्त्री इन्द्र बहादुर गुरूङ, भिक्षुणी डा. अनोजा र कार्यक्रमका सभापतिले विरामी सेवा गर्नेकार्यको महत्त्व विषयमा आ-आफनो मन्तव्य व्यक्त गर्नुभएका थिए । उक्त विहारमा बुद्ध पूर्णिमाको दिन रक्तदान कार्यक्रम पनि संचालन गरिएको थियो ।

**"जगत सुन्दर ब्वनेकुथि" मा स्कुल ड्रेस वितरण–**

२५५१ औं बुद्ध पूर्णिमाको उपलक्षमा जगत सुन्दर ब्वनेकुथि डल्लु काठमाडौंमा अध्ययनरत लगभग ३३० जना बालबालिकाहरूलाई नेपाल बालसंगठन काठमाडौं जिल्ला समितिको तर्फबाट स्कुल ड्रेस वितरण गरिएको समाचार छ ।

उक्त समारोहमा भू.पू. मन्त्री प्रकाशमान सिंहले सबै बालबालिकाहरूलाई वस्त्र दान दिनुहुँदै आफ्नो मातृभाषाबाट शिक्षा सिकाउने पाठशालालाई सरकारको तर्फबाट थप सुविधा प्रदान गरिनुपर्ने विचार व्यक्त गर्नुभएको थियो ।

**धर्मोदय सभाको पदयात्रा–**

धर्मोदय सभाको आयोजनामा बुद्ध जयन्तीको पावन दिनमा बसन्तुपुरबाट भव्य शान्ति पदयात्राको आयोजना गरिएको थियो । पदयात्राका संयोजक माननीय लक्ष्मीदास मानन्धरले बुद्ध जयन्ती एकदिन भएपनि पशु हिंसा बन्द गर्न जनसमुदायलाई अनुरोध गर्नुभएको थियो । शान्ति पदयात्राको लागि धर्मोदय सभाले पत्रकार सम्मेलनको पनि आयोजना गरिएको थियो । उक्त पत्रकार सम्मेलनले यस शान्ति पदयात्रा कार्यक्रम धर्मोदय सभाको शाखाहरू अवस्थित रहेका जम्मा ४२ वटा जिल्लाहरूमा पनि संचालन गरिने जानकारी दिइएको थियो ।

**महाबौद्ध, काठमाडौं–**

का.म.पा. ३० स्थित महाबौद्धमा मित्र युवा क्लबको आयोजनामा २५५१ औं बुद्ध पूर्णिमा भव्यरूपले मनाइएको समाचार छ । यस अवसरमा बुद्ध जीवनीमा आधारित "सिद्धार्थया गृहत्याग (सिद्धार्थको गृहत्याग) नामक चलचित्र पनि प्रदर्शन गरिएको थियो । यस स्थानमा स्थापित बुद्ध मूर्तिलाई नेपालको लागि सबभन्दा ठूलो बुद्ध मूर्ति मानिएको छ । बुद्धजयन्तिको अवसरमा यस स्थानमा साँझ पख एकल कलात्मक दीपावली पनि गरिएको थियो भने दिउँसो नेपालका पुराना एवं दुर्लभ तस्विर प्रदर्शनीको रूपमा राखिएको थियो ।




Downloaded from http://www.dhamma.digital

**अस्पतालमा विस्कुट वितरण–**

२५५१ औं बुद्ध पूर्णिमाको उपलक्षमा धर्मकीर्ति विहार का गुरुमांहरू लगायत उपासक उपासिकाहरूको सक्रिय सहयोगमा स्थानिय वीर अस्पतालमा विरामीहरूलाई प्रसाद स्वरूप विस्कुट वितरण गरिएको थियो ।

**विश्वशान्ति विहार, मीनभवन, काठमाडौं–**

२५५१ औं बुद्ध पूर्णिमा (स्वाँया पुन्ही) को उपलक्ष्मा विश्व शान्ति विहार मीनभवनमा विश्व शान्ति विहार, भोजपुर टक्सार शाक्य समाज र चैनपुर शाक्य समाजको संयुक्त आयोजनामा बुद्ध जयन्ती समारोह भव्य रूपमा मनाइएको समाचार छ । मित्र राष्ट्र म्यानमारका महामहिम राजदूतज्यूको प्रमुख आतिथ्यमा पूज्य भन्ते ज्ञानपूर्णिक महास्थविरद्वारा अनुदित पुस्तक 'प्रतित्य समुत्पाद भाग-२' समेत विमोचित उक्त कार्यक्रमका मुख्य वक्ता भिक्षु ज्ञानपूर्णिक महास्थविर हुनुहुन्थ्यो । विश्व शान्ति बिहार दायक समितिका अध्यक्ष प्रेम लाल श्रेष्ठको सभापतित्वमा तथा सुश्री शान्ति शाक्यद्वारा सञ्चालित उक्त कार्यक्रममा स्वागत भाषण समारोह समितिका सचिव कृष्ण मान शाक्य र धन्यवाद ज्ञापन दुर्गा शाक्यले गर्नु भएको थियो । सम्पूर्ण भिक्षु, गुरुमांहरूलाई भोजन दान र उपस्थित सबैलाई प्रसाद बितरण गरिएको थियो । सुरुमा हजारौं बिद्यार्थीहरू र उपासक उपासिकाहरूले बाजा गाजा, ज्ञान माला भजन र बुद्धप्रतिमा सहित बानेश्वर क्षेत्र परिक्रमा गरेका थिए । बैशाख १५ गते बिहारमा नै बौद्ध निबन्ध प्रतियोगिता र २२ गते रक्तदान कार्यक्रम समेत सञ्चालन भएको थियो ।

**फलफुल वितरण–**

बनेपा ध्यानकुटी विहारको तर्फबाट स्थानीय सिरमेमोरियल अस्पतालमा उपचारार्थ भर्ना गरिएका विरामीहरूलाई र कर्मचारीहरूलाई फलदफुल र बिस्कुट वितर ण गरिएको समाचार छ ।

**विशेषांक स्मारिकाहरू–**

२५५१ औं बुद्ध पूर्णिमाको अवसरमा प्रकाशित प्रत्रिकामा विशेषांकहरू यसरी रहेको कुरा बुझिएको छ ।

१. धर्मकीर्ति २. बुद्धजयन्ती स्मारिका,

३. अमृतोपदेश ४. संघाराम ५. वैशाख महोत्सव आदि ।

**निर्वाणमूर्ति किम्डोल विहार–**

निर्वाण मूर्ति किम्डोल विहारले २५५१ औं बुद्ध पूर्णिमाको उपलक्षमा ३ दिन सम्म ध्यान भावना कार्यक्रम संचालन गरिनुका साथै बैशाख पूर्णिमाको दिन २४ वटा बुद्ध जीवनीसंग सम्बन्धित तस्विरहरू प्रदर्शन गरिएको समाचार प्राप्त भएको छ ।

**बाग्लुङ्ग–**

२५५१ औं बुद्धपूर्णिमाको उपलक्षमा बागलुङमा ग्रामीण भेगका बिरामीहरूलाई एम्बुलेन्स प्रदान गर्ने उद्देश्यले बागलुङको बिछु दोविल्लामा सञ्चालन गरिएको श्री भद्भागवत ज्ञान महायज्ञ बाट रु. ११ लाख १३ हजार नगद र करिब रु. एक लाख बराबरको जिन्सी सामान संकलन भएको छ ।

उक्त रकम एम्बुलेन्स खरिद गर्न प्रयोग गरिने आयोजक समितिका संयोजक तथा नेपाल रेडक्रस सोसाइटी, बागलुङका महामंत्री जब्बर बहादुर लामिछानेले बताउनु भयो । *(साभार- गोरखापत्र)*

**लहान–**

२५५१ औं बुद्धपूर्णिमाको उपलक्षमा लहानमा विभिन्न संस्थाले शान्ति पदयात्रा कार्यक्रम सम्पन्न गरिएको समाचार छ । मुलुकमा माओवादी समेत सरकारमा गइसकेको अवस्थामा तराइमा सशस्त्र द्वन्द कायमै रहेको जनाउँदै लहानस्थित आधा दर्जन मानवअधिकार वादी संस्था तथा संचार सम्बन्धी संस्थाले लहान नगरपालिकाको परिक्रमा गरेका थिए । उक्त र्‍यालीमा मानव अधिकार संरक्षण केन्द्र, समग्र विकास सेवा केन्द्र, समग्र जन उत्थान केन्द्र, लहान सिटी जेसिज मानव अधिकार सेवा, द रेयुकाइ नेपाल १५ औं शाखा, नेपाल पत्रकार महासंघ तथा नेपाल प्रेस युनियन सिरहा शाखा एवम् विद्यार्थी र शिक्षकको सहभागिता रहेको थियो ।

**पोखरा–**

२५५१ औं बुद्ध पूर्णिमा उपलक्षमा आयोजित सभामा राज्यमन्त्री इन्द्र बहादुर गुरूङ्गले धार्मिक सहिष्णुतालाई खलल नपुग्ने गरी सबै धर्मावलम्बी मिलेर अगाडि बढनुपर्नेमा जोड दिनु भएको थियो ।

यसरी नै विधायक भिक्षु आनन्दले बुद्धका रचनात्मक शिक्षा उपदेशलाई आत्मसात गर्न नसक्दा नै मुलुकमा हत्या, हिंसा र आतङ्क बढेको बताउनुभयो । कार्यक्रममा बुद्धधर्मको प्रचारमा योगदान पुऱ्याउनु हुने तिलकमान गुभाजु र बिलबहादुर गुरूङ्ग लाई सम्मान गरिएको थियो ।

यस अघि पोखराको नदीपुर स्थित धर्मशिल बौद्ध विहार बाट सुरू भएको पदयात्रा विभिन्न स्थानको परिक्रमा पछि विन्ध्यवासिनी पुगेर सभामा परिणत भएको थियो ।

*(साभार- विभिन्न अखवार)*

र्‍यालीमा भिक्षु भिक्षुणी धर्मगुरुलामाहरूको पनि सहभागिता रहेको थियो ।

**चितवनमा बुद्धपूर्णिमा–**

बैशाख १९ गते, २५५१ औं बुद्धपूर्णिमाका दिन चितवन विहारसंघले आयोजना गरेको कार्यक्रममा धार्मिक विभेद नदेखिएको चर्चा छ । सबैकार्यक्रममा सबै धर्म र समुदायको र मानिसको उतिकै सहभागिता रह्यो भन्ने समाचार छ । मुस्लिम समुदायका मानिसपनि आफ्नो परिचय दिने पहिरन र ब्यानरका साथ उपस्थित थिए भने हिन्दु धर्मावलम्बी कट्टरवादी समूहका मानिसपनि कार्यक्रममा उपस्थित रहेको समाचार छ ।

उनीहरूले आफ्ना धार्मिक कुराभन्दा आफूहरू बुद्धले फैलाएको सन्देश शान्तिका अनुयायी भएको परिचय दिइरहेका थिए भनी राससले उल्लेख गरेको छ । नारायणी नदी किनारको

बुद्ध पार्कबाट निस्किएको शोभायात्रा मेनरोड पोखरा बसपार्क, प्रगति पथ, पुतलीबजार आदि परिक्रमा पछि बुद्धपार्क पुगेर सभामा परिणत भएको र रक्तदान समेत गरिएको समाचार छ। विहार संघका अध्यक्ष ज्ञानेन्द्र मान शाक्यले देशमा शान्ति भन्ने अवस्थामा पनि कतिपय ठाउँमा शान्ति खल्बलिने पो हो कि भन्ने अवस्था आएका यस पटकको बुद्धजयन्तीलाई सबैले दीर्घशान्तिको कामना गर्दै मनाउनुपर्ने कुरा बताउनु भयो। उहाँले सबै वर्ग र समुदायको सहभागिताले शान्तिप्रतिको कामनाको प्रतिनिधित्व गर्ने बताउनु भयो।

**झापा–**

२५५१ औं बुद्धपूर्णिमाको उपलक्षमा १९ वैशाखको दिनमा झापा जिल्लाको काँकडभिट्टामा आयोजित एक कार्यक्रममा बौद्ध चैत्य स्तूपको उद्घाटन गर्दै कानून न्याय तथा संसदीय व्यवस्था मंन्त्री नरेन्द्र विक्रम नेम्वाङले उद्घाटन गर्नुभयो।

राज्यमंन्त्री इन्द्र बहादुर गुरुङले संसदबाट देशलाई धर्मनिरपेक्ष राज्य घोषणा गरिए पनि व्यवहारिकरूपमा त्यसको कार्यान्वयन हुन नसकेको चिन्ताको विषय हो भन्नुभयो।

**लुम्बिनी–**

२५५१ औं बुद्धपूर्णिमा गौतम बुद्ध जन्मस्थल लुम्बिनीमा विविध कार्यक्रमको आयोजना गरी मनाइएको समाचार छ। सो अवसरमा लुम्बिनी विकासकोषका अध्यक्ष एवम् संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री पृथ्वी सुब्बा गुरुङले लुम्बिनी विकासका लागि बनाइएको गुरुयोजना अनुसार काम हुन नसकेकोमा चिन्ता व्यक्त गर्दै लुम्बिनीलाई संसारभरिका जनताले महत्वका रूपमा हेरिरहेकोले गौतम बुद्धसँग सम्बन्धित लुम्बिनी, रामग्राम, कपिलवस्तु, देवदहका स्थानको एकै साथ विकास गरिने बताउनुभयो।

विधायक सूर्यप्रसाद प्रधानले लुम्बिनीको विकासका नाममा व्यापक अनियमितता हुने गरेकोले सरकारले गम्भीर भएर सोच्नुपर्ने कुरा बताउनु भयो।

कोषका पूर्वकोषाध्यक्ष छत्रराज शाक्यले गुरु योजना अनुसार लुम्बिनीको विकास निर्माण नेपाल सरकारको तर्फबाट कछुवाको गतिमा भएको टिप्पणी गर्नुभयो।

कोषका कार्यवाहक उपाध्यक्ष मझिलाल थारु थनेतको सभापतित्वमा भएको कार्यक्रममा सदस्य सचिव रामलाल श्रेष्ठ, भिक्षु डा. लाम, प्रमुख जिल्ला अधिकारी धुवराज वाग्ले लगायतले लुम्बिनीको समस्या बारेमा जानकारी गराउनु भएको थियो।

लुम्बिनीस्थित मायादेवकिो मन्दिरमा पूजा आराधना पश्चात् विभिन्न झाँकी र बाजागाजाका साथ निस्केको शान्ति र्‍यालिले लुम्बिनीको पवित्र उद्यान क्षेत्रको परिक्रमा गरेको थियो। शान्ति र्‍यालीमा भिक्षु-भिक्षुणी स्थानिय बौद्ध संघसंस्था, विद्यार्थी र अन्य धर्मको अनुयायी र स्थानिय बासिन्दाको सहभागिता रहेको थियो।

**कपिलवस्तु–**

२५५१ औं बुद्धपूर्णिमाको अवसरमा कपिलवस्तुमा शान्तिको कामना गर्दै जिल्ला स्थित विहार एवम् बुद्ध मन्दिरमा मनाइएको छ। सो अवसरमा सदरमुकाम तौलिहवा स्थित बुद्ध विहारमा बेलुकी १०८ वटा दीप प्रज्वलन पूजा पाठ सभा गरिएको थियो। विहान शान्ति पदयात्रा समेतको आयोजना गरिएको थियो।

**नेपालगञ्ज–**

१९ गते बुद्धपूर्णिमाको दिन नेपालगञ्जमा विविध कार्यक्रम गरिएका थिए। बुद्धधर्म संघले विहान शान्ति र्‍यालि, साँस्कृतिक कार्यक्रम, कविता प्रतियोगिता र भवन शिलान्यास लगायतका कार्यक्रम सम्पन्न गरेको समाचार छ। संघका अध्यक्ष गुमानसिंह गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख आतिथि शाक्य लगायत मगर, गुरुङ, तामाङ र शेर्पा संघका प्रतिनिधिले बुद्ध धर्म र शान्ति बारेमा बोल्नु भएको थियो।

**म्याग्दी बेनी–**

२५५१ औं बुद्ध पूर्णिमाको शुभ उपलक्ष्यमा वैशाख १७ गतेका दिन म्याग्दी बेनी मगर महिला बौद्ध समाज सेवाले अस्पतालका विरामीहरूलाई फलफुल र पानी खाने जग वितरण गरेको समाचार छ। (१७ गते देखि १९ गते) ३ दिन सम्म संचालन गरिएको उक्त कार्यक्रममा बुद्ध पूजा, ज्ञानमाला भजन, र धर्मदेशना गरी सम्पन्न गरिएको थियो भने निम्न वर्गका छात्रछात्राहरूलाई कापी कलम पनि वितरण गरिएको थियो। उक्त कार्यक्रममा भाग लिनका लागि भिक्षु गौतम जानुभएको थियो भने उहाँले नै पञ्चशील प्रार्थना गराउनुका साथै धर्मदेशना पनि गर्नुभएको थियो।

**बनेपा–**

वैशाख पूर्णिमाको उपलक्ष्यमा सुदर्शन विहारबाट बुद्धमूर्ति खटमा राखी नगर परिक्रमा गरी बोधिचर्या विहारमा पुगी समारोह सम्पन्न भयो।

## गुणानुस्मरण सभा

बुद्ध विहार, भृकुटीमण्डप। धर्मोदय सभाका सल्लाहकार एवं लुम्बिनी विकास कोष कोषका पूर्व सदस्य सचिव प्रा. आशाराम शाक्यको असामयिक निधन भएकोले उहाँको पुण्यस्मृतिमा गुणानुस्मरण कार्यक्रम सम्पन्न गरिएको समाचार छ। भिक्षु अश्वघोष महास्थविर र भिक्षु टेण्डर लामाको तर्फबाट मरणानुस्मृति पाठ गरी पण्डित बद्रीरत्न बज्राचार्य दुर्गतिसौधन पाठ गर्नुभएको उक्त कार्यक्रममा महासचिव सुचित्रमान शाक्यले बौद्ध विद्वान आशाराम शाक्यको परिचय प्रस्तुत गर्नुभएको थियो।

उक्त कार्यक्रममा स्व.प्रा. आशाराम शाक्यको देन विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने वक्ताहरू यसरी हुनुहुन्थ्यो– लोकदर्शन बज्राचार्य, रत्नमान शाक्य, त्रिरत्न तुलाधर, पद्मसुन्दर शाक्य, सानुराजा शाक्य, बखतबहादुर चित्रकार, बज्रराज शाक्य, शान्तमान शाक्य, सुवर्ण शाक्य, हेमराज शाक्य, आशारत्न शाक्य (प्रा. आशाराम शाक्य सुपुत्र) र बुद्धरत्न बज्राचार्य आदि।



Downloaded from http://www.dhamma.digital

## सिद्धार्थ कुमार जन्म सहितको मायादेवी प्रतिमा स्थापना समारोह



*देवदहमा मायादेवी प्रतिमा स्थापना समारोह संचालन गरिदै*

*२०६४ वैशाख १७ सोमवार, देवदह*

बुद्ध जीवनी संग सम्बन्धित ऐतिहासिक महत्वले भरिएको स्थान देवदह (मायादेवी र प्रजापती गौतमीको माइती) मा स्थापना गर्नको लागि श्रद्धालु दाताहरूको चन्दा सहयोगबाट सिद्धार्थ कुमार जन्म सहितको मायादेवी प्रतिमा निर्माण गरि एको थियो ।

नवनिर्मित उक्त प्रतिमालाई मोटरमा राखी २०६४ वैशाख १६ गतेका दिन थुप्रै जनसमूहले काठमाडौंको विभिन्न स्थानहरूमा नगर परिक्रमा गरेका थिए । यसको ठीक भोलीपल्ट (वैशाख १७ गते) उक्त प्रतिमालाई देवदहसा पुऱ्याइएको थियो । त्यही दिन देवदह संरक्षण प्रतिष्ठान, चैनपुर संखुवासभा समाज एवं धर्मकीर्ति विहारको आयोजनामा प्रतिमा स्थापना समारोह संचालन गरिएको थियो । निकट भविष्यमा उक्त प्रतिमा देवदह नगरमा स्थापना गरिने कुरा थाहा हुन आएको छ ।

---

## २५५१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा उपत्यका बाहिर जानुभई धर्मप्रचार गर्नुभएका भिक्षु एवं

*बौद्ध विद्वानहरूको नामावली*

| क्र.सं. | नाम | स्थान |
| --- | --- | --- |
| १ | भिक्षु बोधानन्द | बुद्धविहार, धरान |
| २ | भिक्षु गौतम | वेनी बजार, म्याग्दी |
| ३ | श्रामणेर अमतो<br>श्रामणेर सुमतो | मगर बौद्ध सेवा समाज, वोधिज्ञान विहार वर्दिया । |
| ४ | श्रामणेर धम्मघोष<br>डा. लक्ष्मण शाक्य | सुगन्ध विहार, रिडी |
| ५ | भिक्षु भद्दिय<br>भिक्षु सुमेध | विराट बौद्ध संघ, बुद्धि विहार, विराट नगर |
| ६ | भिक्षु आनन्द | पोखरा |

## एकमहिने बुद्धपूजा कार्यक्रम

कमल पोखरी स्थित पद्मकीर्ति विहारको आयोजनामा वैशाख १ देखि ३१ गते सम्म शील प्रार्थना, बुद्ध पूजा, ध्यान भावना एवं धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको समाचार छ । उक्त कार्यक्रमको सिलसिलामा मिति २०६४ वैशाख २७ उक्त विहारले धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनलाई आमन्त्रणगरी भजन प्रस्तुत गराइएको थियो । उक्तदिन दाता श्रीमती चन्द्रशोभा कंसाकार, श्रीमती नील शोभा तुलाधरको तर्फबाट गुरुमांहरू लगायत भजन खलःका उपासक उपासिकाहरूलाई जलपान भोजन गराउनुभई पूण्य संचय गर्नुभएका थिए ।

उहाँहरूको तर्फबाट धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनलाई सहयोग स्वरूप रु. ६०००।- चन्दा प्रदान गर्नुभएको थियो । पूज्य धम्मवती गुरुमांले उहाँहरूलाई खादा ओढाई सम्मान गर्नुभएको थियो । *प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

## युवक बौद्ध मण्डल वार्षिक साधारण सभा सम्पन्न

*२०६३ चैत्र २४ गते, शनिबार ।* बनेपा, धोकेचौर स्थित चन्द्रकीर्ति विहारमा रहेको यस शाखाको कार्यालय कक्षमा युवक बौद्ध मण्डल, नेपाल, बनेपा काभ्रे शाखाको दोस्रो वार्षिक साधारण सभा सम्पन्न भएको समाचार छ । श्रद्धेय भन्ते मुणि स्थविर ज्यूबाट पञ्चशिल प्रार्थना गराउनु भई शुरु भएको साधारण सभामा YMBA केन्द्रबाट उपाध्यक्ष श्री सुरेन्द्र शाक्य, सचिव श्री बुद्धरत्न शाक्य, कोषाध्यक्ष श्री हेमराज शाक्य र भूतपूर्व अध्यक्ष श्री चन्द्र मान शाक्यज्युका लगायत YMBA क्लब 25 का अध्यक्ष श्री विश्व वज्राचार्य लगायत सदस्यहरूको पनि उपस्थिति रहेको थियो । सो सभामा स्वागत मन्तव्य शाखाको कोषाध्यक्ष सचिन शाक्यज्यूले दिनुएको थियो ।

यस शाखाको दोस्रो साधारण सभाको उद्घाटन केन्द्रिय उपाध्यक्ष श्री सुरेन्द्र शाक्यज्यूबाट बुद्ध प्रतिमूर्ति सामु दिप प्रज्वलन गरी गरिएको थियो । सोहि अवसरमा विहार परिसरमा १०८ दिप प्रज्वलन पनि गरियो । उक्त सभामा दोस्रो वार्षिक प्रगति प्रतिवेदन शाखा सह-सचिव श्री दिपेश शाक्य ज्यूले प्रस्तुत गर्नुभयो र आर्थिक प्रतिवेदन सह-कोषाध्यक्ष श्री बिजय शाक्य ज्यूबाट प्रस्तुत गरियो । सो कार्यक्रममा यस शाखाका धर्माणुशासक श्रद्धेय भन्ते मुनी स्थविर लगायत विशिष्ट व्यक्तिहरूबाट आ-आफ्नो सुझाव एवं मन्तव्य दिनु भएको थियो । यसरी मन्तव्य दिनेहरूमा काभ्रे शाखाका साधारण सदस्य श्री हरि शंकर मानन्धर, खोपासी बुद्ध विहार व्यवस्थापन समितिका, सचिव जगन्नाथ उलक, क्लब 25 का अध्यक्ष श्री विश्व वज्राचार्य र केन्द्रिय प्रचार समितिका श्री हेरा रत्न शाक्यज्यू हुनु हुन्थ्यो । कार्यक्रममा मुख्य अतिथि केन्द्रिय उपाध्यक्ष श्री सुरेन्द्र शाक्यज्यूले युवक बौद्ध मण्डल, नेपालको गतिविधिमाथि प्रकाश पार्दै बनेपा काभ्रे शाखाको क्रियाकलाप प्रति सन्तोष व्यक्त गर्नु भयो । उक्त सभामा उपस्थित सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन शाखा अध्यक्ष एवं सभाका सभापति श्री निरण शाक्यज्यूले गर्नु भएको सो सभाको संचालन शाखा सचिव दिपकरत्न शाक्यले गर्नु भएको थियो । कार्यक्रमको अन्तमा श्रद्धेय भन्ते मुनी स्थविरबाट पुण्यानुमोदन गरी, सभाको विर्सजन गरिएको थियो ।

## चिमखोलामा महिला बौद्ध समिति गठन

म्याग्दीको सदरमुकाम बेनीबजार देखि २५ कोस उत्तरमा पर्ने विकट मगर बस्तीचिमखोलामा गत चैत्र २१ गते पञ्माया थापाको अध्यक्षतामा १३ सदस्यीय "महिला बौद्ध समिति चिमखोला" गठन गरिएको छ । चिमखोलामा जन्मी हुर्की बेनीबजारमा बस्दै आउनु भएका महिलाहरूको विशेष पहलमा म्याग्दी बौद्ध संघका दर्जन भन्दा बढी सदस्यहरूको उपस्थितिमा उक्त समिति गठन गरिएको हो । उक्त समितिका उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सह-सचिवमा क्रमश: पूर्णमाया थापा, दुर्गा पुन, चिनीमाया पुन र खीमा पुन रहनुभएको छ । त्यस्तै गरी सदस्यहरूमा कमाया पुन, लमाया पुन, दिलकुमारी पुन, रमाया थापा, मन कुरमी तिलिजा, पूर्णी माया पाइजा, गीता पुन र चन्द्रा पुन रहनुभएको छ । उक्त कार्यक्रममा म्याग्दी बौद्ध संघका सदस्य राजन शाक्य तथा युवा बौद्ध संघ म्याग्दीका सचिव कृष्ण प्रकाश धर्ति मगरले बुद्ध शिक्षाको महत्त्व तथा त्यसका विविध पक्षका बारेमा स्पष्ट पार्नुभएको थियो । म्याग्दी बौद्ध संघको तर्फबाट आमा समूह तथा महिला बोद्ध समिति, युवा क्लब र विद्यालयलाई बौद्ध शिक्षासम्बन्धी विभिन्न किसिमका पुस्तकहरू हस्तान्तरण गरिएको थियो । त्यसका साथसाथै कार्यक्रममा संकलित आर्थिक तथा अन्न दान सो समितिलाई नै हस्तानतरण गरी उक्त दान जेहेन्दार, गरीब तथा दलित विद्यार्थीलाई छात्रवृत्तिको रुपमा प्रदान गर्न सुझाव दिइएको थियो । महिलाहरूको उल्लेख्य सहभागिता रहेको सो कार्यक्रम सविता पुनको स्वागत मन्तव्य, दिलकुमारी पुर्जाको सञ्चालन तथा कल्पना पुनको अगुवाईमा बुद्धपूजा संचालन गरिएको थियो । कार्यक्रममा ज्ञानमाला भजन पनि प्रस्तुत गरिएको थियो । अन्त्यमा, थुनमाया तिलिजाको धन्यवाद मन्तव्य संगै कार्यक्रम समापन भएको थियो ।

## तानसेनदेखि लुम्बिनीसम्मको शान्ति पदयात्रा सम्पन्न

*तानसेन, पाल्पा ।* ज्ञानमाला संघ, आनन्द विहार तानसेनले शान्ति, मैत्री, करुणाका लागि शान्ति पदयात्रा नाराका साथ चैत्र १६ गतेका दिन आमन्द विहार, तानसेनदेखि शुरु गरेको शान्ति पदयात्रा कार्यक्रम चैत्र १९ गते लुम्बिनीमा पुगि समापन भएको छ ।

देशमा देखिएको असहज र अशान्तिको परि स्थितिमा समस्त नेपालीमा शान्ति, मैत्री र करुणा भाव जागृत गराउने उद्देश्य लिएर शुभारम्भ गरीएको उक्त शान्ति पदयात्रा कार्यक्रममा करीब ८० जना पदयात्रीहरू सहभागीता रहेको थियो ।

कार्यक्रमको शुभारम्भमा सहभागी पदयात्रीहरूले पंचशील प्रार्थना गरी प्रमुख अतिथि भिक्षु प्राणपुत्रबाट पदयात्रीहरूलाई खादा वितरण गरीए पछि श्री राजेन्द्रमुनी शाक्यले पदयात्रीहरूको पदयात्रा कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो । पदयात्रा आनन्द विहारबाट तानसेन बजार हुँदै काजीपौवाबाट पदयात्रा अघि बढेको थियो । सोही दिन बुटवल पुगेका सम्पूर्ण पदयात्रीहरूलाई बुटवलका परिवारबाट भव्य स्वागत गर्दै मायाको चिनो प्रदान गर्नु भएको थियो ।

चैत्र १७ गतेका दिन बुटवलबाट भैरहवा पुग्दा सिद्धार्थ बौद्ध समाज, पुष्पकीर्ति विहार परिवारबाट सो समाजका अध्यक्ष श्री शरणकाजी बुद्धाचार्यको अध्यक्षतामा



Downloaded from http://www.dhamma.digital

स्वागत कार्यक्रमको आयोजना गरी संघबाट त्यस विहार लाई मायाको चिनो प्रदान गरिएको थियो। सो अवसरमा पदयात्रामा सहभागी सबै संघसंस्थालाई उक्त विहारबाट स्व. विमलानन्द महास्थविरज्यूको वृत्तचित्रको भि.सि.डी. प्रदान गरीएको थियो। तानसेनबाट आएका पदयात्रीहरूको उत्साहबाट प्रभावित्त भई बुटवल तथा भैरहवाबाट पदयात्रामा पदयात्रीहरू थपिन गएको थियो। चैत्र १८ गते बिहान भैरहवाबाट शान्ति पदयात्रामा निस्केका पदयात्रीहरू लुम्बिनी साँझ ५:०० बजे पुगे पश्चात् मायादेवी मन्दिर परिक्रमा गरी लुम्बिनी स्थित राजकीय बुद्ध विहारमा भिक्षु गुणघोषबाट भएको धर्मदेशनाको कार्यक्रममा पदयात्रीहरू सहभागी भए। उक्त दिन सम्पूर्ण पदयात्रीहरूको रात्री विश्राम लुम्बिनीमा अवस्थित गौतमी भिक्षुणी विहारमा भएको थियो। चैत्र १९ गते विहान विश्व शान्ति विहार, लुम्बिनीमा पदयात्रामा सहभागी हुनु भएका एवं पदयात्राका विशेष सहयोगी जापानी भिक्षु सातोलाई आयोजकका तर्फबाट मायाको चिनो प्रदान गरीए पश्चात सम्पूर्ण सहभागी पदयात्रीहरू अशोक स्तम्भ आई शील प्रार्थनाका साथ बुद्ध पुजा, ज्ञानमाला भजन गरीए पश्चात भिक्षु प्राणपुत्रको प्रमुख आतिथ्य एवं श्री राजेन्द्रमुनी शाक्यको अध्यक्षतामा समापन कार्यक्रम सम्पन्न गरीएको थियो।

### अम्बेडकरको स्मृतिमा

अप्रिल-१४ दिवस बौद्ध जगतमा ठूलो प्रेरणा दिने कुरो भयो। आज भन्दा ११६ बर्ष अघि छिमेकी मुलुक भारतको महाराष्ट्र प्रान्तको रतनगिरी जिल्लाको "अम्बाबडे" गाउँमा ई.सं. १८९१ अप्रिल-१४ को दिनमा बर्तमान भारतको संविधान निर्माता, अछुट जातिका प्रणेता, विश्व प्रसिद्ध बौद्ध विद्वान, दार्शनिक, बाबासाहेब डा. भीमराव् अम्बेडकरले जन्म लिनु भएको थियो। जातीय छुवाछुतको विभेदको अन्तखातिर जीवनपर्यन्त संघर्ष गर्नुभयो। सन् १९५६ अक्टोबर-१४, महान विजया दशमी, शस्त्र परित्याग दिवसको दिनमा 'बुद्ध धर्म' अंगिकार गरी दशौं लाख अछुत जातीहरूलाई समेत सोही दिनमा बुद्ध धर्म अंगिकार गर्न लगाई महाराष्ट्र प्रान्तमा बुद्धधर्मको प्रतिष्ठा र गौरव उच्च पार्नु भएको समेत गुणानुस्मरण गरीयो। त्यस्तै गरी अप्रिल-१४; १९६३ को दिनमा महापण्डित, बौद्ध विद्वान एवं लेखक राहुल साँकृत्यायनले यस धरतिबाट सदाको निम्ति बिदा भै अनित्यताको वरण गर्नु भएको संस्मरण गर्न योग्य छ। वहाँले बुद्ध धर्म र दर्शन लगायत अन्य विषयका १५० वटा जति पुस्तकहरू रचना गरेर जानु भयो। वहाँको जीवनकालको केही बर्ष प्रव्रजित जीवन अपनाई बौद्ध भिक्षु समेत हुनुभएको चर्चा छ।

अप्रिल-१४, १९६७ का दिनमा संयुक्त राष्ट्रसंघका तेश्रो महासचिवको हैसियतमा कार्यरत भैरहनु भएको बेलामा शान्तिका नायक, तथागत गौतम बुद्धको पवित्र पावन जन्म भूमि "लुम्बिनी" मा पदार्पण गरी लुम्बिनीको तत्कालनि बस्तुस्थितिको अध्ययन भ्रमण गर्नुभयो। भ्रमणको क्रममा महान व्यक्तित्व, तत्कालनि महासचिव ऊ थान्त (U Thant) ले ब्यक्त गर्नुभएको उद्‌गार यस्तो छ– "भगवान् बुद्धको जन्मस्थल लुम्बिनीको निमित्त मैले केही गर्न सकें भने मलाई सं.रा.संघको महासचिव भएको भन्दा पनि बढी सन्तुष्ट हुनेछ।" अझ वहाँले सुस्पष्ट ढंगले अप्रिल-१४ को महत्व जाहेर गर्नु भएको कुरो सन् १९७१ मा लेख्नुभएको वहाँको पुस्तक 'View from the Un' को पृष्ठ नं. ४१७ मा "मेरो जीवन को एक अत्यन्त महत्वपूर्ण दिन मध्ये १४ अप्रिल, १९६७ पनि थियो" भन्ने सन्दर्भमा आफ्नो विचार पोख्नु भयो।

वर्तमान बौद्ध जगतमा अप्रिल-१४ को त्री-दिवसीय घटनालाई त्रीवेणी संगमको रुपमा रही आएको छ। अन्तर्राष्ट्रिय बौद्ध जगतका त्रीमूर्तिको गुणानुसमरण र गुणानुकरण गर्नुपर्ने कुरोमा जोड दिनुभयो। यस्ता महान व्यक्तित्वहरू युगले जन्माउने हुँदा वहाँहरूको कृतज्ञ गुणलाई मनन गर्नु पर्ने, सदास्मरण गर्नुपर्ने हुन्छ।

### खुल्ला मञ्चमा वृहत शान्ति पूजा सम्पन्न

*२०६४ बैशाख ५-७, खुल्लामञ्ज, काठमाडौं।*

राष्ट्रिय शान्ति पूजा पाठ आयोजक समितिको आयोजनामा देशमा शान्ति कामना गर्दै ३ दिने वृहत शान्ति पूजा सम्पन्न गरिएको समाचार छ। प्राप्त समाचार अनुसार उक्त पूजा कार्यक्रममा एक हजार महायानी लामा गुरुहरूबाट पूजा पाठ गरिएको थियो भने भद्रचरी त्रिशकण्ड पूजा एवं त्रिरत्नानुस्मरण गरी धर्मदेशना गरिएको थियो।

न्याय तथा कानून राज्यमन्त्री इन्द्रबहादुर गुरुङको प्रमुख आतिथ्यमा एवं धर्मबहादुर शाक्यको संयोजकत्वमा संचालित उक्त कार्यक्रममा ३०० जवान वज्राचार्य गुरूहरूको तर्फबाट सप्त विधानुत्तर पूजा एवं धर्मदेशना गरिएको थियो। यसरी नै ५०० जना थेरवाद बौद्ध

भिक्षुहरूको तर्फबाट ६ घण्टा सम्म महापरित्राण पाठ एवं धर्मदेशना गरिएको थियो।

**ठिमीमा दिनभर महापरित्राण पाठ सम्पन्न**

*०६४ जेठ २ बुद्धवार, थिमी, चपाचो।*

जीन थेरी, र वजीरा थेरी गुरुमां प्रव्रजित हुनुभएको सुखद उपलक्ष्यमा थिमी नगर चपाचो टोलवासीको सक्रियतामा एकदिने महापरित्राण पाठको आयोजना गरिएको थियो। उक्त कार्यक्रम शुरुगर्नु भन्दा एकदिन अगाडि ०६४ जेठ १ गते मंगलवारका दिन वेलुकी ७ बजे ठिमी निवासी भजन खल:बाट भजन प्रस्तुत गरिएको थियो भने भिक्षुणी धम्मवतीले धर्मदेशना गर्नुभएको थियो।

जेठ २ गतेका दिन धर्मकीर्ति बौद्ध ज्ञानमालाबाट भजन प्रस्तुत गरिएको थियो। महापरित्राण पाठ शुरु गर्नु अगाडि स्थानिय बाजागाजाका साथ बुद्ध मूर्ति शीरमा राखी नगर परिक्रमा गरी महापरित्राण मण्डपमा पुर्‍याइएको थियो। त्यसपछि शील प्रार्थना र बुद्ध पूजा पश्चात् गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ शुरु गरिएको थियो। उक्त कार्यक्रममा श्रीलंकाबाट आउनुभएका भिक्षु के. विमलरत्नबाट पनि महापरित्राण पाठ गर्नुभएको थियो। दिउँसो ३ बजे देखि स्थानिय श्रद्धालु दाताहरूबाट भन्ते गुरुमांहरूलाई दान प्रदान कार्यक्रमको थालनी गरिएको थियो। वेलुकी ५ बजे महापरित्राण पाठ कार्यक्रम सम्पन्न भएको थियो भने सो पश्चात् भिक्षुणी धम्मवतीले परित्राणको महत्त्व विषयमा धर्मदेशना गर्नुभएको थियो।

यसदिन भन्ते गुरुमांहरू लगायत उपासक उपासिकाहरूलाई ठिमी चपाचो टोलनिवासी महापरित्राण आयोजकहरूबाट जलपान भोजनको व्यवस्था मिलाउनु भएको थियो।

**निबन्ध प्रतियोगिताको परिणाम प्रकाशित**

युवा बौद्ध समूह काठमाडौं र बेलायतको लुम्बिनी नेपालीज बुद्ध धम्म सोसाइटीको संयुक्त आयोजनामा सम्पन्न गरिएको निबन्ध प्रतियोगिताको परिणाम प्रकाशित गरिएको समाचार छ।

"दैनिक जीवनमा दान, शील भावनाको महत्त्व" प्रतियोगितामा प्रथम लुइस महर्जन, दोस्रो प्रवेश शाक्य र तेस्रो शंकर महर्जन हुनुभएको थियो।

यसरी नै "बुद्ध धर्म र मानवअधिकार" विषयको निबन्ध प्रतियोगितामा प्रथम डा. कविन्द्र बज्राचार्य, दोस्रो सुनीता मानन्धर र तेस्रो अनिला बज्राचार्य रहनु भएको कुरा समाचारमा उल्लेख गरिएको छ। सुरेन्द्र बज्राचार्य र मदनरत्न मानन्धरले मूल्याङ्कन गर्नुभएको उक्त प्रतियोगितामा विजयी प्रतियोगीहरूलाई ज्येष्ठ १२ गते लुम्बिनी नेपालिज बुद्ध धम्म सोसाइटी यु.के.मा सदस्यहरूको समक्ष पुरस्कार वितरण गरिएको थियो।

**खुक्व:गु बौद्ध शिक्षा व ज्ञानमाला भजन प्रस्तुति**

२०६३ साल चैत्र २४ गते शनिबारया दिनस यस ज्ञानमाला समितिया ग्वसालय् जेस्तापुर बुद्ध विहारया हरिसिद्धि ज्ञानमाला भजन खल: जलया व्यवस्थापनय् खुक्वगु बौद्ध शिक्षा व ज्ञानमाला भजन प्रस्तुति ज्या:ज्व:क्वचा:गु समाचार दु।

प्राप्त समाचारकथं सामुहिक पंचशील प्रार्थना नाप जेस्तापुर बुद्ध विहारया सचिव दशराम महर्जन पाखें लसकुस न्वचु विया दिइगु उगु ज्याज्वले पद्मावती ज्ञानमाला भजन संघ, नबाहा: पाखें १ घण्टा भजन म्ये हाला न्यंकूगु जुल। ज्ञानमाला म्ये "अनित्य ध्व संसारे च्वने मयल वनेनु" म्ये यागु व्याख्या नापं भजनयागु इतिहास २००० बर्ष न्ह्यव:निसे. चले जुया वया च्वंगु दु धैगु खँ डा. भद्ररत्न वज्राचार्य पाखें कना बिज्यागु जुल।

ज्या:ज्व:कथं यल ज्ञानमाला समितिया सचिव इन्द्रमुनि शाक्य पाखें ऐच्छिक दानया जानकारी विसें ऐच्छिक दान पाखें ८,३६४।- ध्यवा मुंकूगु जुल। दान पाखें प्राप्त जूगु रकम थी थी ज्या:ज्व: न्ह्याकेगु जानकारी बिल।

श्रद्धेय भिक्षु शोभित पाखें धर्म देशनाया क्रमय् ज्या:ज्व: विहारे जक सिमिति मजुसें सार्बजनिक थाय् थासे न यायेमागु सुझाव बिया बिज्यात। वसपोल भन्ते पाखें ज्ञानमाला शुरुवातया बारे कना बिज्यात।

सहभागि ज्ञानमाला भजन खल: पाखें भजन प्रस्तुत याय्गु क्रमय् पुण्य उदय विहार ज्ञानमाला भजन खल:, सिद्धीमंगल बुद्ध विहार ज्ञानमाला भजम, थसि व हिरण्यवर्ण महाविहार तारेमाम संघ, मालबाहा: पाखें ज्ञानमाला भजन न्यंका बिज्यात। यल ज्ञानमाला भजन समितिया सदस्य इन्द्रानन्द बज्राचार्य पाखें सुभाय् न्वचु बिया बिज्यागु ज्या:ज्व:स पद्मावती ज्ञानमाला भजन खल: नबाहाया संयोजक भाजु आशाकाजी शाक्यजुं थ:गु नुग:खँ प्वका बिज्यात नापं पुण्यानुमोदन याना ज्या:ज्व: क्वचागु ख:। थुगु ज्या:ज्व: चनमाया महर्जन पाखें संचालन जूगु ख:।



Downloaded from http://www.dhamma.digital

## प्रज्ञामय जीवन श्रेष्ठ धइगु देशना

*यल चौलाथ्व द्वादशी,* विश्व मैत्री विहारय् पञ्चशील प्रार्थना व बुद्ध पूजां लिपा गुरुमां धम्मचारी मभिंगु ज्या तोता प्रज्ञापूर्ण आचरण यातकि निर्वाणया लँय् न्ह्यज्याये फइगु देशना याना विज्यात । मय्जु दिलशोभां वंगु दँया ज्याखँ मुल्याङ्कन याना सुधार जुइगु पाखे ध्यान तये माल धयादिलसा मय्जु इन्द्रशोभां पञ्चशील पालन यायेत त्रिरत्नया शरणय् वनेमा:गु खँ कनादिल । वंगु संल्हूया धर्म देशना लुमंका: छत्वाचा कनादीपिं अष्टमाया व हेराकाजि पित्त गुरुमांनं सिरपा लल्हाना विज्यागु ज्याझ्वलय् प्रेमबहादुरं लसकुस व बोधिरत्नं सुभाय् देछानादीगु ख: । थेचोया सिद्धिलालं जलपानया व्यवस्था याना दिल ।

## स्वनिगलं पिने नं गुलुपा दान जुल

*२०६३ चैत्र १७ गते, शनिवार ।*

तानसेन निसें शान्ति पद यात्राय् वना बुटवल पद्म चैत्य विहार, पाल्पा तानसेनया आनन्दभूमी विहार, भैरहवाया पुगता भूमी जेतवन विहार आदि याना स्वंगु विहारे १४ x १४ सिज:यागु गुलपा (स्वयम्भू चैत्ये लुँ सियात:तु, स्वफा आकी न्ह्यंगु) दाता जीवरत्न स्थापित प्रमुख सपरिवार पाखें दान यानादीगु समाचार दु । प्राप्त समाचा अनुसार वय्कलं बि.सं. २०६३ सालया दुने विभिन्न विहारे थुकथं १० ग: गुलुपा: दान यानादीगु खँ सीदु ।

| क्र.सं. | विहारया नां व थाय् | मिति | ल:ल्हाना क्याबिज्या:म्ह व्यक्ति |
|---|---|---|---|
| १. | मैत्री बोधिसत्त्व विहार, जमोवहा: काठमाडौं | २०६३ आश्विन १४ | भिक्षुणी धम्मवती |
| २. | सुगतपुर विहार, त्रिशुली | २०६३ कार्तिक १४ | भिक्षु सागर धम्म |
| ३. | बुद्ध परिनिर्वाणस्थल कुशीनगर, भारत | २०६३ पौष २६ | अग्गमहापण्डित भदन्त भिक्षु ज्ञानेन्द्र |
| ४. | सारनाथ, भारत | २०६३ पौष २७ | भिक्षु धम्मा |
| ५. | बुद्धगया, भारत | २०६३ पौष २९ | भन्तेज्यूहरू |
| ६. | त्रिरत्नकीर्ति विहार, किर्तीपुर | २०६३ माघ १९ | भिक्षु प्रज्ञाकीर्ति |
| ७. | पद्मचैत्य विहार, बुटवल | २०६३ चैत्र १७ | उदयशिला गुरुमां |
| ८. | आनन्दभूमी विहार, तानसेन, पाल्पा | २०६३ चैत्र १७ | भिक्षु विशुद्धानन्द |
| ९. | पुगताभूमी जेतवन विहार, भैरहवा | २०६३ चैत्र १७ | भिक्षु तपस्सी |
| १०. | अमरापुर बुद्ध विहार, बुंगमती विहार | २०६३ चैत्र २८ | भिक्षुणी सुजाता |

## बौद्ध परियत्ति शिक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण

*२०६४ बैशाख १८ गते, मंगलवार ।*

*स्थान- गौतमी विहार, लुम्बिनी ।*

बु.सं. २५५० औं बौद्ध परियत्ति शिक्षामा लुम्बिनी केन्द्रबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्ने कार्यक्रम सुसम्पन्न भएको समाचार छ ।

यस वर्ष लुम्बिनी केन्द्रबाट नियमित परीक्षाबाट १५ जना र प्राइभेट परीक्षाबाट १०२ जना विद्यार्थीहरू उत्तीर्ण भएको कुरा समाचारमा उल्लेख गरिएको छ । गौतमी विहार लुम्बिनीको आयोजनामा संचालित उक्त कार्यक्रम भिक्षुणी धम्मवती सभापतित्त्वमा र भू.पू. मन्त्री कृष्णगोपाल श्रेष्ठको प्रमुख आतिथ्यमा सुसम्पन्न भएको थियो ।

उक्त पुरस्कार वितरण कार्यक्रममा सहयोग गर्नुहुने दाताहरूको नामावली र सहयोग विवरण यसरी रहेको छ ।

| दाताको नाम र ठेगाना | सहयोगको विवरण |
|---|---|
| १. भिक्षुणी धम्मवती धर्मकीर्ति विहार, काठमाडौं । | सर्वत, विस्कुट, रूमाल, साबुन, टूथपेष्ट |
| २. पञ्चवीरसिंह, लाजिम्पाट, काठमाडौं | रु. ६५,०००/- |
| ३. मोतीलाल शिल्पकार | सबैलाई कापी र कलम |
| ४. पुष्परत्न शाक्य | कापी १५ थान |

## स्वयम्भूई बुद्धपूजा

*२०६४ बैशाख ६ गते, बिहीवार ।*

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर ।*

धर्मकीर्ति ज्ञानमाला भजनया ग्वसाले स्वयम्भू स्थित चैत्ये बुद्धपूजा ज्याझ्व:सम्पन्न जुल । धम्मवती गुरुमांपाखें शीलप्रार्थना याकाबिज्या:ना थुगु ज्याझ्वले, बुद्धपूजा लिपा धम्मवती गुरुमांनं धर्मदेशना नं यानाबिज्यात । वया लिपा धर्मकीर्ति ज्ञानमाला भजन खल: पाखें ज्ञानमाला भजन नं प्रस्तुत जुल ।

थुगु ज्याझ्वले विशेष रूपं धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनयात गुहाली यानादीपिन्त गुरुमां पाखें खाता गा क्वखायका सम्मान याना बिज्यात ।

थुखुन्हु श्रीमती प्रभावती स्थापित पाखें धर्मकीर्ति ज्ञानमाला भजनयात Amplifier छगः प्रदान यानादिलसा भाजु राजेशकाजी श्रेष्ठ पाखें भजनयात Keyboard छगू नं प्रदान या:गु जुल ।

# ऐतिहासिक बुद्ध जयन्ती कार्यक्रम



*सं.रा.सं.को तर्फबाट नेपालका निम्ति आवासिय प्रतिनिधि माथ्यू काहाने कार्यक्रम उद्घाटन गर्नुहुँदै*

संयुक्त राष्ट्र संघ र नेपालको इतिहासमै पहिलोपल्ट बुद्ध जयन्तीको कार्यक्रम सं.रा.संघको नेपाल स्थित कार्यालयमा गत वैशाख १९ गते सम्पन्न भयो । सं.रा. संघले बैशाख पूर्णिमालाई अन्तर्राष्ट्रिय मान्यता दिएको उपलक्ष्यमा यसपालीको २५५१ औं बुद्ध पूर्णिमा उत्सव सं.रा. संघको नेपाल कार्यालय, बुद्धजयन्ती समारोह समिति र अन्तर्राष्ट्रिय बौद्ध अध्ययन संस्था, नेपालको संयुक्त आयोजनामा भएको सो कार्यक्रममा संयुक्त राष्ट्र संघका आवासिय संयोजक म्याथ्यू कहानेले समावेशी समाज निर्माणको लागि बुद्धको सन्देश अत्यन्त अपरिहार्य रहेको छ भन्नुभयो ।

भिक्षु धर्ममूर्तिबाट पञ्चशील प्रार्थना गराउनुभई शुरू गरिएको सो कार्यक्रममा भिक्षु कोण्डण्यबाट बुद्धपूजा तथा भिक्षु प्रज्ञारत्नबाट धर्मदेशना गर्नुभएको थियो ।

सन् १९९८ को नवेम्बरमा श्रीलंकामा सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा सहभागी नेपाल् लगायत ३४ राष्ट्रले बुद्धजयन्तीको दिन बिदा दिन र बुद्धजयन्ती मनाउन सं.रा.संघको मुख्यालयलाई एक विशेष प्रस्ताव पठाएको र सो प्रस्तावलाई सं.रा.संघको निर्णय नं. ५४।११५ बाट सन् १९९९ को डिसेम्बरमा पारित भएको जानकारी सो अवसरमा भिक्षु धर्ममूर्तिले दिनु भयो । स्मरणरहोस् श्रीलंकामा सम्पन्न सम्मेलनमा नेपालबाट उहाँ सहभागी हुनुहुन्थ्यो । यसपालीको बुद्धजयन्तीदेखि नेपालको कार्यालयमा पनि शुभारम्भ भएको कुरा ऐतिहासिक भएको कुरा पनि उहाँले सो अवसरमा बताउनु भयो ।

धर्मदेशनाको क्रममा भिक्षु प्रज्ञारत्नबाट विश्वशान्तिमा प्रयासरत सं.रा.संघले बुद्धको शिक्षा अनुकरण गरेमा अत्यन्त सफल भइने कुरा राख्नुभयो भने भिक्षु कोण्डन्यले यसपालीको लागि नेपालबाट प्रस्तावित नारा 'नहि वेरेन वेरानी..........' को बारेमा स्पष्ट पार्नुभयो । अन्तर्राष्ट्रिय बौद्ध अध्ययन संस्था नेपालका अध्यक्ष प्रेमलाल चित्रकारको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा चित्राशोभा तुलाधरले स्वागत मन्तव्य प्रकट गर्नुभएको थियो भने कार्यक्रमको संचालन मदन रत्न मानन्धरले गर्नुभएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी सदस्यहरूले स्वयं सेवा गरेका थिए ।

कार्यक्रम पश्चात् सोही कार्यालयको तर्फबाट आमन्त्रित सबैलाई चियापान गराईएको थियो ।

## धर्मोदय सभाको धार्मिक प्रवचन

*स्थान- बुद्ध विहार धम्महल ।* धर्मोदय सभाको आयोजनामा समय-समयमा संचालन हुँदै आइरहेको धार्मिक प्रवचन कार्यक्रम अनुसार यसपटक "नेपाल बौद्ध समाज र विपश्सना ध्यान साधना" विषयमा प्रवचन कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

प्रमुख अतिथि दोलेन्द्ररत्न शाक्यले विपश्यना ध्यान भावनाका महत्त्व विषयमा प्रकाशित पार्नुभएको उक्त कार्यक्रममा सभाका महासचिव सुचित्रमान शाक्यले स्वागत भाषण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा श्यान तण्डुकार, पद्मानन्द बज्राचार्य, माननीय लक्ष्मीदास मानन्धर, ज्ञानेशानन्द बज्राचार्य, नारायण गुरुङ्ग र सुचित्रमान शाक्य आदि श्रोताहरूले प्रवचनको विषयवस्तुबारे विभिन्न प्रश्न राख्नु भई जिज्ञासा प्रस्तुत गर्नुभएका थिए । धर्मोदय सभाका उपाध्यक्ष माननिय लक्ष्मीदास मानन्धरले धर्मोदय सभाको गतिविधि प्रस्तुत गर्नुभएको उक्त कार्यक्रम सागरमान बज्राचार्यले संचालन गर्नुभएको थियो ।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३१९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४२५१४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital